मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर

राष्ट्रिय दैनिक

मधेशदृष्टि

www.emadheshdristi.com

Madheshdristi National Daily

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो "त्रिशक्ति"को कमाल
त्रिशक्ति ट्रेक्टर

वर्ष २ ● अंक ३५ ● २०८० साल पुष ०७ गते शनिबार ● Saturday 23, December 2023 ● सूर्योदय: बिहान ६:५१ बजे ● सूर्यास्त: साँझ ५:१७ बजे ● पृष्ठ ४+४ ● मूल्य रु. ५/-

वैभव

शनिबार ४ पृष्ठको वैभव



- अफरोज अर्पण - डोंगरीका दाउद कसरी बने 'अन्डरवर्ल्ड डन'
- वीरेन्द्र रमण - मधेशमा कुपोषणको भयावह अवस्था
- भूमिराज पिठातोली- ढिके नुन र बझाङीको सम्बन्ध
- विकास पौडेल - नपत्याउँदा सर महावीर
- दिवेश कुमार महतो - अन्तरजातीय प्रेम विवाहः बेहुली जन्ती लिएर बेहुलाकहाँ

घटना पाँच हजारको

हिरासतमा कुटपिटपछि मृत्यु प्रदर्शनकारीलाई गोली !





मधेशदृष्टि
जनकपुरधाम ।
देशमा कैयौँ ठूला घटना हुँदा पनि प्रहरीले हत्पत्ति गोली चलाउनु परेको छैन । तर मधेशको हकमा ससाना घटनामा पनि प्रहरीले गोली चलाउन थालेको छ । त्यो पनि जिल्ला प्रहरी कार्यालय र सदरमुकाममा होइन, इलाका प्रहरी कार्यालयतिर । मुख्यमन्त्री सरोजकुमार यादवको भूगोल बाराको सिम्रौनगढमा प्रहरीले गोली चलाउँदा २५ वर्षीय युवाको मृत्यु भएपछि मधेश तातिएकै छ । यसको एक सातापछि नै फेरि मधेश प्रदेशको राजधानी धनुषाको हंसपुरमा पनि प्रहरीले गोली चलाउँदा दुई सर्वसाधारण घाइते भएका छन् ।
बारा र धनुषा दुवै ठाउँमा गोलीकाण्डको नेतृत्व चैँ इलाका प्रहरी कार्यालयको हो ।
धनुषाको हंसपुर नगरपालिका–५ सुगा निकासस्थित इलाका प्रहरी कार्यालय घेराउमा पुगेका स्थानीयमाथि प्रहरीले गोली चलाउँदा दुई प्रदर्शनकारी घाइते भएका छन् । प्रहरीको गोली लागेर सुगा निकासका ३६ वर्षीय शङ्कर मण्डल र १८ वर्षीय मतलुब अन्सारी घाइते भएका हुन् । घाइते मण्ड़लको दाहिने हातमा गोली लागेको छ भने अर्का घाइते अन्सारीको बायाँ पाखुरामा गोली लागेको छ । प्रहरीको गोली लागेर दुई जनासहित झडपमा तीनजना घाइते भएको स्थानीयले बताए ।
घाइतेमध्ये अन्सारीको उपचार जनकपुरधामस्थित प्रादेशिक अस्पतालमा भइरहेको छ भने मण्डललाई थप उपचारका लागि काठमाडौँ पठाइएको छ ।
प्रहरीको गोली लागेर स्थानीयको कुटाइले घाइते भएका व्यक्तिको प्रहरी हिरासतमा थप कुटाइबाट मृत्यु भएपछि आक्रोशित स्थानीय प्रहरी चौकीमा प्रतिवाद गर्न पुगेका थिए । सोहीक्रममा स्थानीय र प्रहरीबीच झडप हुँदा प्रहरीले गोली चलाएको हो । झडपक्रममा भिड हटाउन प्रहरीले गरेको हवाई फायरको क्रममा दुई जना गोलीको निशानामा परेका हुन् ।
जिल्ला प्रहरी कार्यालय धनुषाका अनुसार आक्रोशित स्थानीयको भिडले इलाका प्रहरी कार्यालयमा आगजनी गर्न थालेपछि प्रहरीले आत्मरक्षाका लागि गोली चलाएको हो । आक्रोशित स्थानीयको भिडले प्रहरीमाथि नै आक्रमण गर्न खोजेको र सशस्त्र प्रहरीको मोटरसाइकल पूर्णरुपमा जलाइदिएपछि स्थिति तनावपूर्ण बनेर नियन्त्रणमा लिनु परेको प्रहरीको दाबी छ । घटनामा नेपाल प्रहरीको एउटा मोटरसाइकलमा पनि आगजनी भएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।
स्थानीयबीचको विवादमा पक्राउ परेका ६० वर्षीय दीपा मण्डललाई इलाका प्रहरी कार्यालयमा लगिएका बेला सइ तुलानन्द ठाकुरले कुटपिट गरेको स्थानीयको आरोप छ । पिटाइबाट मण्डलको संवेदनशील अङ्गमा चोट लागेको थियो । उपचारक्रममा उनको मृत्यु भएको हो । हंसपुर नगरपालिका–५ सुगानिकास खरयानी टोलका मण्डलको प्रहरीको कुटपिटबाट मृत्यु भएको भन्दै स्थानीय इलाका प्रहरी कार्यालय सुगानिकास घेराउमा पुग्दा तोडफोड र आगजनी पनि भएको थियो । बिहीबार राति छिमेकमा झगडा छुटाउन पुगेका दीपालाई शंकर ठाकुरले कुटपिट गरेर प्रहरीमा बुझाएका थिए ।
घटना के थियो ?
स्थानीय अरुण मण्डलको घरबाट पाँच हजार रुपैयाँ चोरी भएको थियो । चोरीपछि सोधखोजमा शंकर ठाकुरको छोरासँग मिलेर मण्डलका छोराले चोरी गरेको विषय बाहिर आएपछि दुवैलाई बाँधेर राखिएको थियो । त्यहाँ पुगेका ६० वर्षीय दीपामाथि कुटपिट भयो । शंकरले हानेको इँटले दिपाको टाउको फुटेको थियो ।
घटनापछि घटनास्थलमा प्रहरी पुगेर दीपालाई नियन्त्रणमा लिएर थप कुटपिट भएको स्थानीयको भनाइ छ । यद्यपि प्रहरी भन्छ, 'झडपमा घाइते दीपालाई उपचारका लागि प्रादेशिक अस्पताल जनकपुर पठाइएको र बिहीबार नै उनको उपचारक्रममा मृत्यु भएको हो,' धनुषा प्रहरी प्रवक्ता डिएसपी रञ्जन अवालेले बताए ।

मधेशमा गठबन्धनले कांग्रेस कमजोर

- मधेशका तीन तहकै निर्वाचनमा गठबन्धन नगर्ने प्रतिवद्धता
- सरकारमा रहेका मन्त्रीहरुलाई जनताको मन जिन्न आग्रह
- प्रदेश प्रहरी ऐनको मार्गप्रशस्त गर्न संघ सरकारसँग आग्रह
- निजगढ द्रुतमार्ग र विमानस्थल चाँडो बनाउन सुझाव



वीरेन्द्र रमण
जनकपुरधाम ।
नेपाली कांग्रेसको प्रथम मधेश प्रदेश सम्मेलनमा प्रस्तुत गरिएको राजनीतिक प्रतिवेदनमा नेपाली कांग्रेस मधेश प्रदेशमा कमजोर हुनुको कारण 'गठबन्धन' रहेको निष्कर्ष निकालिएको छ ।
मधेश प्रदेशका पार्टी महामन्त्री वृहस्पति कृष्ण श्रेष्ठले प्रस्तुत गरेको ६ पृष्ठको राजनीतिक प्रतिवेदनमा मधेशमा नेपाली कांग्रेस कमजोर भएको असर देशभर परेको उल्लेख छ ।
प्रतिवेदनमा भनिएको छ, 'विभिन्न गठबन्धनका नाममा नेपाली कांग्रेसको मधेश प्रदेशमा उपस्थिति कमजोर हुँदा त्यसको दीर्घकालीन असर समग्र नेपाली कांग्रेसलाई देशभर नै पर्ने गरेको देखिन्छ ।'
प्रतिवेदनमा नेपाली कांग्रेस अन्य क्षेत्रीय तथा राष्ट्रिय राजनीतिक दलहरुसँग निर्वाचनमा सहकार्य गरेर गठबन्धन बलियो बनाउन भन्दा मधेश प्रदेशमा नेपाली काग्रेसको संगठन बलियो बनाउन आवश्यक रहेको आँल्याइएको छ ।
प्रतिवेदनमा मधेशमा क्रियाशील प्रतिस्पर्धी दलको नेतृत्वमा मधेश प्रदेश सरकारमा जाँदा नेपाली कांग्रेसलाई दीर्घकालीनरुपमा नकारात्मक असर गर्ने भएकाले सरकारमा सहभागीता हुँदा पार्टीको दीर्घकालीन हितलाई ध्यानमा राख्नुपर्ने आवश्यकता औँल्याइएको छ । प्रतिवेदनमा जनताले नेपाली कांग्रेसलाई रुचाएको भए पनि जनताले मन नपराएको राजनीतिक दलसँग गठबन्धन गर्दा नेपाली कांग्रेसको जनाधार कमजोर बन्ने गरेको उल्लेख छ ।
प्रतिवेदनमा यसबारे सतर्कता अपनाउन जरुरी रहेको उल्लेख छ ।
आगामी दिनमा हुने जुनसकै निर्वाचनमा नेपाली कांग्रेसले मधेश प्रदेशभित्रका तीन तहका सम्पूर्ण सिटमा आफ्नो उम्मेदवारी दिने प्रतिवद्धतासमेत व्यक्त गरिएको छ । त्यसैगरी, संघीय प्रहरी ऐन निर्माण गरी प्रदेश सरकारलाई प्रदेश प्रहरी ऐन बनाउन मार्ग प्रशस्त गर्नु केन्द्रीय सरकारको कर्तव्य रहेको प्रतिवेदनमा उल्लेख छ ।
प्रतिवेदनमा सरकारमा रहेका मन्त्रीहरुलाई जनताको मन जित्ने गरी सुशासित भएर कार्यसम्पादन गर्न सम्मेलनले आग्रह गरेको छ । 'सरकारमा भएका बेला हामीले सुशासित ढंगले काम गरेनौँ भने अगामी दिनमा पार्टीको स्थान अरु कमजोर हुने छ,' प्रतिवेदनमा उल्लेख छ ।
त्यसैगरी, संघ सरकारले साझा अधिकार सूचीमा भएका विषयवस्तुमा नियमनकारी भूमिका मात्र निर्वाह गरी कार्यान्वयनको अधिकार प्रदेश सरकारलाई प्रदान गर्न उल्लेख छ । प्रदेश सरकार प्रदेश सभाले नेपालको राष्ट्रि हित, भौगोलिक अखण्डता, सार्वभौम सत्ता तथा सामाजिक एकता र सद्भावमा आञ्च आउने कार्य गरे मात्र नियन्त्रण गर्नुपर्ने उल्लेख गर्दै प्रदेश सरकारले कुशलतापूर्वक कार्य सम्पादन गर्न सक्ने र नागरिकले सरकारप्रति अपनत्व महसुस गर्ने उल्लेख गरिएको छ ।
संघीय निजामती सेवा ऐनमा प्रदेशको प्रमुख सचिव संघ सरकारले खटाउने र स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत खटाउने अधिकार प्रदेश सरकारको हुनुपर्ने विषय उठाइएको छ । यसो हुँदा मात्र प्रशासनिक संघीयता मजबुत भई प्रदेश सरकारले प्रभावकारी तवरले कार्य सम्पादन गर्न सक्ने र संघीयताको प्रभावकारी कार्यान्वयन हुने बताइएको छ ।
सम्मेलनले काठमाडौँ निजगढ द्रुत मार्ग र निजगढ विमानस्थल निर्माण कार्यलाई गतिशीलताका साथ अगाडि बढाउन माग गर्दै दुवै योजना चाँडो सम्पन्न गरेर मधेशको मात्र नभई देशको विकासको प्रस्थानविन्दु बनाउन माग गरिएको छ ।
प्रतिवेदनमा विभिन्न समूहले मधेश द्वन्द्वका नाममा मधेशमा फैलाएको साम्प्रदायिक द्वैषको भावना हटाई मधेशमा सामुदायिक सद्भाव र एकता कायम गर्न प्रतिवद्ध रहेको उल्लेख गरेको छ ।
त्यसैगरी, भ्रातृसंगठनहरुको विस्तारमा भइरहेको ढिलाईका कारण संगठनको काममा समस्या सृजना भएको उपभापति वीरेन्द्र सिंहको संगठनिक प्रतिवेदनमा उल्लेख छ । सम्मेलनको बन्दसत्रले महामन्त्री श्रेष्ठको राजनीतिक प्रतिवेदन, उपसभापति सिंहको संगठनिक प्रतिवेदतन र कोषाध्यक्ष प्रदीप कुमार यादवको आर्थिक प्रतिवेदन पारित गरेको छ ।

जनकपुर 'चुरोट कारखानाका जनक' मिश्रको सम्झना



मिश्रीलाल मधुकर
जनकपुरधाम ।
नेपालको विकासपुरुषका रुपमा परिचित रामनारायण मिश्रको ५६ औँ पुण्यतिथिमा गंगासागरको तटमा श्रद्धाञ्जली तथा प्रार्थना सभा भएको छ ।
नेपाली कांग्रेसका वरिष्ठ नेता तथा पूर्व उपप्रधानमन्त्री बिमलेन्द्र निधि, मधेश प्रदेश प्रमुख हरिशङ्कर मिश्र, पूर्वमन्त्री, प्रदेश सांसद रामसरोज यादव, पूर्व सांसद महेन्द्र मधुकरलगायतले सभामा मिश्रको योगदानको स्मरण गरे ।
यस्तै, जनकपुरधाम उपमहानगरपालिकाका मेयर मनोजकुमार साह, उपमेयर किशोरी साह, वडा नम्बर ९ का अध्यक्ष परमेश्वर साह, कांग्रेस नेता मनोजकुमार चौधरी, रामयुवा कमिटीका अध्यक्ष परमेश्वर साह, पूर्वअध्यक्ष प्रमोदकुमार चौधरीलगायत कांग्रेसका नेता तथा कार्यकर्ता सभामा उपस्थित थिए ।
वक्ताहरूले स्वर्गीय मिश्र बिपी कोइराला, गणेशमान सिंह, भद्रकाली मिश्र, महेन्द्रनारायण निधिसँग प्रजातन्त्र स्थापनाका लागि आन्दोलनमा भाग लिने पात्र भएको बताए । मिश्र कैयौँपटक जेल परेका थिए । उद्योगमन्त्री भएकाले मिश्रले एसियाकै ठूलो चुरोट कारखाना स्थापना गरेका थिए । मिश्र पिपरा गाउँको एक जमिन्दार परिवारमा जन्मिएर पनि सर्वहारा वर्गका लागि लडेका नेता हुन् ।

को हुन् रामनारायण मिश्र ?



'बरु म आफ्नो टाउको कटाउन तयार छु तर स्वाभिमान सुम्पिन तयार छैन । म मर्न तयार छु तर आत्मसमर्पण गर्दिनँ ।'
–रामनारायण मिश्र

तत्कालीन शासकलाई शिर कटाउन तयार तर स्वाभिमान सुम्पिन्न भन्ने नेता रामनारायण मिश्र जहानियाँ शासनविरुद्ध सुरुदेखि नै क्रियाशील थिए । विसं २००४ देखि लोकसेवक सङ्घको माध्यमबाट विभिन्न सामाजिक तथा जनचेतनामूलक क्रियाकलापमा संलग्न थिए । विसं २००७ मा कांग्रेसले सञ्चालन गरेको सशस्त्र क्रान्तिमा समेत सहभागी भए । विसं २०१५ को संसदीय आमनिर्वाचनमा प्रतिनिधिसभा सदस्यमा महोत्तरीबाट निर्वाचित उनी बिपी कोइरालाको नेतृत्वमा विसं २०१६ जेठ १३ गते गठित मन्त्रिमण्डलको उद्योग वाणिज्यमन्त्रीसमेत भए । उद्योग वाणिज्यमन्त्री रहेकै बेला मिश्रको योगदानका कारण मधेस प्रदेशमा उद्योग कलकारखानको जग निर्माण भएको र त्यसमध्ये जनकपुरमा चुरोट कारखाना तथा वीरगंजमा चिनी मिल स्थापना गर्न सम्भव भएको भन्ने गरिएको छ । क्यान्सर रोगले विसं २०२४ पुस ६ मा निधन भएको हो ।

जसपा मधेश कमिटीमा उपेन्द्रलाई प्राधिकार



मधेशदृष्टि
जनकपुर ।
जनता समाजवादी पार्टी (जसपा) नेपाल, मधेश प्रदेश कमिटी गठन र पुनर्गठनबारे अध्यक्ष उपेन्द्र यादवलाई जिम्मा दिइएको छ । मधेश प्रदेश कमिटीमा देखिएको आन्तरिक विवाद मिलाएर प्रदेश कमिटी पुनर्निर्माणको आवाज उठेपछि यादव आफैँ यसमा अग्रसर पनि भएका छन् । पछिल्लो समय मधेशमै रहेका यादवले मधेशका सबैलाई समेटेर प्रदेश कमिटी पुनर्गठन गर्ने अनुमान पनि गरिएको छ ।
जितेन्द्र यादव, इसुफ खान, रामपूत पासमानलगायतले प्रदेश कमिटी विघटन गरेर पुनः अर्को कमिटी गठन गर्न लामो समयदेखि माग राख्दै आएका थिए । मधेश प्रदेश कमिटीमा रामबाबु यादव अध्यक्ष बनेपछि प्रदेशमै पार्टी कमजोर भएको, पार्टीभित्र विभिन्न विवाद आएको, पार्टी चेन अफ कमान्डमा नचलेको विषय सतहमा आएका थिए । अध्यक्ष यादवकै कारण पार्टी कमजोर बनेको गुनासो थियो ।
रामबाबुले हरेक बैठकमा केन्द्रीय अध्यक्ष उपेन्द्र यादवलाई उपस्थित गराएर मात्र बैठक गर्ने गरेका थिए । पार्टीमा विवाद बढ्दै गएपछि कमिटीको बैठक बोलाएर यसबारे छलफल भएपछि कमिटी नै पुनर्गठन गर्ने निर्णयमा जसपा पुगेको बताइएको छ । पुनर्गठन गर्ने जिम्मेवारी पार्टी अध्यक्ष यादवलाई दिएको छ । ५१ सदस्यीय प्रदेश कमिटी पुनर्गठनमा अध्यक्ष यादवले गृहकार्य सुरु पनि गरिसकेका छन् । उनले असन्तुष्ट नेताहरु पनि आफैँले भेटेका छन् ।

निर्वाचन आयोगद्वारा दुई अर्ब रकम सरकारलाई फिर्ता



मधेशदृष्टि काठमाडौँ ।
गत वर्ष भएको प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनको लागि सरकारले विनियोजन गरेको साढे ८ अर्ब बजेटमध्ये करिब २ अर्ब रकम निर्वाचन आयोगले फिर्ता गरेको छ ।
आयोगले शुक्रबार राष्ट्रपतिलाई बुझाएको गत आर्थिक वर्षको १७औं वार्षिक प्रतिवेदनअनुसार एक अर्ब ९४ करोड ३० लाख ७२ हजार रकम सरकारलाई फिर्ता गरेको हो । सरकारले आमनिर्वाचनको लागि ८ अर्ब ५० करोड बजेट विनियोजन गरेकोमा ६ अर्ब ५५ करोड ६९ लाख २८ हजार रुपैयाँ निर्वाचन व्यवस्थापनमा खर्च भएको आयोगले जनाएको छ ।
संविधानको धारा २९४ बमोजिम विसं २०७९ साल साउन १ गतेदेखि २०८० साल असार मसान्तसम्ममा सम्पादन गरेका काम कारबाहीको सत्रौं वार्षिक प्रतिवेदनलाई आयोगले राष्ट्रपतिसमक्ष पेश गरेको हो । आयोगका प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले राष्ट्रपति पौडेललाई प्रतिवेदन हस्तान्तरण गरेका हुन् । प्रमुख आयुक्त थपलियाले उक्त आर्थिक वर्ष मुलुकका लागि निर्वाचनमय वर्ष भएकाले सफलतापूर्वक सम्पन्न भएका विभिन्न तहका निर्वाचनका बारेमा प्रतिवेदनमा समेटिएको जानकारी गराए । राष्ट्रपति पौडेलले आवधिक निर्वाचन सङ्घीय लोकतान्त्रिक गणतन्त्रको सुदृढीकरण र मुलुकको विकास एवं स्थायित्वको एक आधार भएकाले निर्वाचनकै माध्यमबाट जनताले लोकतान्त्रिक हक अधिकारको प्राप्ति र उपयोग गर्न सक्ने अभ्यास लोकतन्त्रको सुन्दर पक्ष भएको बताए । उनले संविधान तथा कानुनले प्रदान गरेको जिम्मेवारीलाई निर्वाह गर्ने क्रममा आयोगले खेलेको भूमिकाप्रति खुसी व्यक्त गरे । राष्ट्रपति पौडेलले आयोगले आफ्नो संवैधानिक दायित्व पूरा गर्ने सन्दर्भमा आफूले गरेका काम कारबाहीहरु समेटेर पेस गरेको प्रतिवेदनमा उठाइएका महत्वपूर्ण विषयलाई नेपाल सरकारले प्रभावकारी रूपमा सम्बोधन गर्ने विश्वास व्यक्त गरे ।

स्वीट्जरल्याण्डसँग हवाई सम्झौता तयारी

मधेशदृष्टि काठमाडौँ ।
नेपालले युरोपेली मुलुक स्वीट्जरल्याण्डसँग द्विपक्षीय हवाई सेवा सम्झौताको तयारी गरेको छ । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले स्वीट्जरल्याण्डसहित विभिन्न मुलुकसँग हवाई सम्झौताको प्रक्रिया अघि बढाएको हो । मन्त्रालयको नागरिक उड्डयन महाशाखाका प्रमुख एवं सहसचिव बुद्धिसागर लामिछानेका अनुसार स्वीट्जरल्याण्डसँग आगामी फेब्रुअरीको पहिलो हप्ता काठमाडौँमा द्विपक्षीय हवाई सेवा सम्झौता हुने सहमतिअनुरुप आवश्यक तयारी गरिएको छ ।
मध्यपूर्वी एशियाली मुलुक इण्डोनेसियासँग पनि सम्झौताका लागि समन्वय भइरहेको उनले जानकारी दिए ।
महाशाखाका प्रमुख लामिछानेले भने, ‘इन्डोनेसियासँग द्विपक्षीय हवाई सम्झौताका लागि समन्वय भइरहेको छ, समय तय गर्न बाँकी छ ।’ ती दुवै मुलुकसँगको हवाई सम्झौताका लागि हालैको मन्त्रिपरिषद् बैठकबाट स्वीकृत भइसकेको छ ।
सरकारले छिट्टै रुससँग पनि नयाँ हवाई सेवा सम्झौता गर्दैछ । उक्त प्रयोजनका लागि पनि समन्वय भइरहेको मन्त्रालयले जनाएको छ ।
यसअघि गत मङ्सिर १९ गते नेपाल सरकार र रुवाण्डा सरकारबीच द्विपक्षीय हवाई सेवा सम्झौतामा हस्ताक्षर भएको थियो ।
यससँगै नेपालले द्विपक्षीय हवाई सेवा सम्झौता गरेका मुलुकको सङ्ख्या ४१ पुगेको छ । अन्य केही मुलुकसँग पनि द्विपक्षीय हवाई सम्झौताका लागि प्रक्रिया अघि बढिरहेको मन्त्रालयले जनाएको छ ।

परिवर्तनका लागि जनता जाग्नुपर्नेः लामिछाने

रासस
वालिङ ।
राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले मुलुकको परिवर्तनका लागि जनता जाग्नुपर्ने बेला आएको बताएका छन् । राष्ट्रिय स्वतन्त्र पार्टी वालिङ नगर समितिले शुक्रबार स्याङ्जाको वालिङमा आयोजना गरेको खुलासभालाई सम्बोधन गर्दै उनले जनता जागेपछि मात्रै परिवर्तन सम्भव हुने बताए ।
देशमा भ्रष्टाचार, कुशासन, तस्करी, विभेदको अँध्यारो मौलाउँदै गएकाले त्यसलाई चिर्नका लागि पनि जनतामा परिवर्तन हुनु जरुरी रहेको उनको भनाइ थियो । ‘देशको अवस्था जटिल बन्दै गयो भन्ने चिन्ता नागरिकमा छ, देशमा परिवर्तन हुनुपर्छ’ उनले भने ।
विभिन्न क्षेत्रसँग सम्बन्धित विज्ञहरूको समन्वय र सहकार्यमा पार्टीले नीति तथा योजना बनाइरहेको भन्दै अध्यक्ष्य लामिछानेले भने, ‘हामी बोलेर भन्दा काम गरेर देखाउँछौँ, योजनाबद्ध तरिकाले अगाडि बढ्छौँ, ढुक्क हुनुहोस् ।’ हरेक क्षेत्रमा भएका भ्रष्टाचार, बेथिति, कुरीतिको अन्त्यका लागि पार्टी निरन्तर रूपमा लाग्ने उनले बताए । भ्रष्ट नेताहरूको सम्पत्ति छानबिन गर्नुपर्ने मुद्दालाई पार्टीले प्राथमिकताका साथ उठाएको उनको भनाइ थियो ।

आर्थिक समृद्धिका लागि डिजिटल रुपान्तरण अपरिहार्यः मन्त्री

रासस
काठमाडौँ ।
सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले आर्थिक समृद्धिका लागि डिजिटल रुपान्तरण जरुरी रहेको बताएकी छन् ।
‘डिजिटल इकोसिस्टम’ निर्माणका लागि सरकार नीतिगत, कानुनी र संरचनागत व्यवस्था गर्नतिर लागेको उनले जानकारी दिइन् । ‘लिभिङ विथ आइसिटी’ ले शुक्रबार आयोजना गरेको ‘आइसिटी अवार्ड’ को आठौँ संस्करणलाई सम्बोधन गर्दै सरकारका प्रवक्ता शर्माले सूचना तथा सञ्चार प्रविधिलाई आधारभूत आवश्यकता र राष्ट्रिय प्राथमिकताको रूपमा सरकारले लिएको स्पष्ट पारिन् । जनताका दैनिक आधारभूत आवश्यकतालाई सहज र सरल बनाउनेदेखि संसारसँग प्रतिस्पर्धा गरेर डिजिटल अर्थतन्त्रको विकासका लागि सूचना प्रविधि महत्त्वपूर्ण आधार हो भन्नेमा सरकार स्पष्ट रहेको उल्लेख गर्दै मन्त्री शर्माले भनिन् ‘हामीले अन्य उद्योगधन्दा खोल्यौँ भने आजको आजै विश्वसँग प्रतिस्पर्धा गर्न सक्दैनौँ तर सूचना तथा सञ्चार प्रविधिमा आधारित सेवा निर्यात गरेर हामीले विश्वसँग प्रतिस्पर्धा गर्न सक्छौँ भन्ने विगत केही वर्षयताका अनुभवबाट पुष्टि भइसकेको छ । यसलाई अझै बढाउँदै सूचना प्रविधिलाई डिजिटल अर्थतन्त्र निर्माणको महत्त्वपूर्ण आधारका रूपमा लिनुपर्छ । अब यस क्षेत्रमा सामान्य सुधार होइन ‘डिपार्चर’ नै गर्नुपर्छ भन्ने मान्यता सरकार रहेको छ ।’
यही वर्ष पहिलोपटक साइबर सुरक्षा नीति, २०८० पारित गरेर त्यसलाई कार्यान्वयन गर्न साइबर कानुन निर्माण र राष्ट्रिय साइबर सुरक्षा केन्द्र स्थापनाको पहल अघि बढाएको मन्त्री शर्माले जानकारी दिइन् । सूचना प्रविधि, दूरसञ्चार, सामाजिक सञ्जालको व्यवस्थापनलगायत अन्य कानुन पनि जतिसक्दो चाँडो निर्माण गरेर आफूहरू सूचना तथा सञ्चार प्रविधि क्षेत्रमा आमूल परिवर्तन गर्ने पक्षमा रहेको मन्त्री शर्माले जानकारी दिइन् । डिजिटल नेपाल फ्रेमवर्क २०७६ सालमा स्वीकृत भएर पनि यसले आशातित गति लिन नसकेकाले यसमा पुनरावलोकन गरेर अघि बढ्नपर्छ भनेर सोहीअनुसार पहल थालेको उनले बताइन् ।
सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले डिजिटल पूर्वाधारको क्षेत्रमा गम्भीरताका साथ काम अघि बढाएको जानकारी दिँदै मन्त्री शर्माले यसरी नै यसका अन्य पहलहरू कृषि, स्वास्थ्य, शिक्षा, ऊर्जा, पर्यटन, वित्त र सहरी पूर्वाधारलाई पनि सम्बन्धित निकायले अघि बढाउन सके डिजिटल नेपाल फ्रेमवर्क कार्यान्वयनले गति लिने छ विश्वास व्यक्त गरिन् । सूचना प्रविधि क्षेत्रका ‘स्टार्टअप’ लाई प्रोत्साहन गर्न सरकारले आइसिटी एक्जिविसन र डिजिटल च्याम्पियनजस्ता कार्यक्रम राख्ने तयारी गरेको जानकारी दिँदै मन्त्री शर्माले देशैभरिका स्टार्टअपहरूको प्रतिस्पर्धा गराउने र उत्कृष्ट हुनेहरूलाई कृषि, स्वास्थ्य, शिक्षा, ऊर्जा, पर्यटन, वित्त र सहरी पूर्वाधारजस्ता डिजिटल फ्रेमवर्कका विभिन्न पहलहरूमा नवप्रवर्तनका काम गर्न लगाउने गरी तयारी थालेको बताइन् । युवालाई देशिभत्रै बस्न र रोजगारी दिन सहज हुनेगरी सातै प्रदेशमा ‘डिजिटल स्किल’ का कार्यक्रम पनि राख्ने तयारी गरिएको मन्त्री शर्माले जानकारी दिइन् ।

विशेष अदालतमा दुई वर्ष नाघेका ७० मुद्दा



मधेशदृष्टि काठमाडौँ ।
सर्वोच्च अदालतको योजनाअनुसार विशेष अदालत काठमाडौँले पुराना मुद्दालाई जतिसक्दो छिटो फछ्र्योट गर्ने गरी मुद्दाको फछ्र्योटलाई तीव्रता दिएको छ । विशेष अदालतमा दुई वर्ष नाघेका मुद्दा ७० थान रहेका छन् ।
कुल मुद्दा एक सय २२ भएकामा ५२ मुद्दा फछ्र्योट भई ७० थानमात्र मुद्दा बाँकी रहेको अदालतमा शुक्रबार आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइएको हो । त्यस्तै १८ महिनादेखि दुई वर्षसम्मका मुद्दा २८ रहेका छन् । कुल ५५ थान मुद्दा रहेकामा २७ मुद्दा फछ्र्योट भएका छन् ।
एक वर्षदेखि १८ महिनासम्मका ५० थान मुद्दा फछ्र्योट गर्न बाकी रहेका छन् । कुल ७५ मुद्दा रहेकामा ५५ मुद्दा फछ्र्योट भएका छन् । साथै छ महिनादेखि एक वर्षभित्रका ६८ मुद्दा फछ्र्योट भएका छन् । कुल ८१ मुद्दा रहेकामा १३ फस्र्योट भएका छन् ।
त्यस्तै छ महिनाभित्रका कुल एक सय एक मुद्दा रहेकामा छ मुद्दा फछ्र्योट भएका छन् भने छ भने ९५ थान मुद्दा बाँकी छन् ।
विशेष अदालतका अध्यक्ष टेकनारायण कुँवरले अदालतले मुद्दा फस्र्योंटलाई तीव्रता दिएको र निर्दोषलाई दोषी ठहर नहोस् तथा दोषीले सजाय पाओस् भन्ने उद्देश्यका साथ काम गरिरहेको बताए । उनले अदालतले छिट्टै अनलाइन सुनुवाइ गर्ने तयारी गरिरहेको र संविधान तथा कानुनअनुसार पाएको जिम्मेवारी पूरा गरिरहेको जानकारी दिए ।
अदालतबाट २०७९ वैशाख १ गतेदेखि नेपालभर अनलाइन तारिख लिन र कोभिडपश्चात अनलाइन बकपत्र गर्ने प्रक्रिया नियमितरूपमा सञ्चालन भइरहेको छ । विशेष अदालतमा गोलाप्रथा प्रक्रियाद्वारा पेसी व्यवस्थापनसम्बन्धी कार्यविधि निर्देशिका, २०८० अन्तिम चरणमा रहेको जनाइएको छ ।

बाल सुधारगृहमा फेरि तोडफोड

मधेशदृष्टि वीरगंज ।
वीरगंजको बिर्तास्थित बाल सुधार गृहमा बालकैदीहरुले तोडफोड गरेका छन् ।
चार जना बाल कैदीहरुको स्थानान्तरणको विषयलाई लिएर बिहीबार साँझ भएको विवादमा बाल कैदीहरुले पुनःतोडफोड गरेका हुन् । दुई दिन अगाडि गृह मन्त्रालयबाट आएको पत्रअनुसार बाल कैदीलाई सरुवागर्न खोज्दात्यसको विरोध गर्दै बालबन्दीहरुले तोडफोड गरेपछि रातिभरी बाल सुधार गृह तनावपूर्ण बनेको थियो । विवाद उत्पन्न हुँदा बालबन्दीहरुले सुधार गृहमा पुनःनिर्माण गरिएका संरचनाहरु समेत तोडफोड गरेका छन् ।
बाल सुधार गृहका प्रमुख टिकाकृष्ण काफ्लेका अनुसार उनीहरुले पर्खाल, एसी, गिजरसहित पुनःनिर्माण गरिएका सम्पूर्ण संरचनाहरु समेत तोडफोड गरी क्षति पुर्याएका छन् ।
मन्त्रालयबाट आएको सरुवा सूचीअनुसार चार जनालाई स्थानान्तरणका लागि लिन जाँदा बाल कैदीहरुले विवाद शुरु गरेका थिए ।
मन्त्रालयले गत पुस ३ गते बाल सुधार गृहबाट पृथ्वी पटेल, विजय यादव, नन्दन यादव र अशोक झालाई अन्यत्र सरुवा गर्न पत्र पठाएको र पत्र बमोजिम उनीहरुलाई स्थानान्तरण गर्न थालिएपछि बालकैदीहरुले सुधार गृहमा तोडफोड गरेको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ ।
वीरगंज स्थित बाल सुधार गृहमा एक सय १३ जना बालबन्दीहरु रहेका छन् ।

प्रधानाध्यापक कुशवाहाबिरुद्ध भ्रष्टाचारको उजुरी



मधेशदृष्टि रौतहट ।
रौतहटको देवाही गोनाही नगरपालिकास्थित आधारभूत विद्यालय उचिडीहका प्रधानाध्यापक मुक्ति प्रसाद कुशवाहाले भ्रष्टाचार गरेको भन्दै १३ जना अभिभावक तथा अगुवाहरुले छानबिनका लागि उजुरी दिएका छन् ।
प्रधानाध्यापक कुशवाहाले शिक्षक नियुक्ति, दिवा खाजा, भवन तथा शौचालय निर्माणलगायतमा भ्रष्टाचार गरेको भन्दै देवाही गोनाही नगरपालिकामा उजुरी दिएका हुन् ।
२०७६ साल पुषदेखि विद्यालय व्यवस्थापन समितिको म्याद समाप्त भए तापनि प्रधानाध्यापक कुशवाहले मनोमानी ढंगले शिक्षक नियुक्ति गरेको, विद्यार्थीभन्दा बढी दिवा खाजाको पैसा निकासा गरिएको, भवन तथा शौचालय निर्माणमा भ्रष्टाचार गरेको दाबी गरिएको छ ।
त्यसैगरी राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत भवन निर्माणको लागि गत आर्थिक वर्ष २०७८÷७९ को ३६ लाख रुपैयाँ र आर्थिक वर्ष २०८०/८१ को नगर कोषबाट गरी जम्मा ७१ लाख रुपैयाँ व्यक्तिको नाममा रहेको जग्गामा भवन निर्माण गरिरहेकाले सो काम रोक्कागरी, नियमानुसार भवन निर्माण कार्य गराउन र भ्रष्टाचारको छानबिन गरी दोषिमाथि कारवाहीको माग गर्दै उजुरी दिएका हुन् ।
निवेदकहरुले उजुरीको बोधार्थ अख्तियार दुरुपयोग अनुसन्धान आयोग, जिल्ला प्रशासन कार्यालय रौतहट र जिल्ला शिक्षा समन्वय इकाइ कार्यालय रौतहटलाई उल्लेख गरेका छन् ।

शिक्षालाई श्रमसँग र श्रमलाई उत्पादनसँग जोड्नुपर्नेमा जोड



रासस
काठमाडौँ ।
राष्ट्रिय योजना आयोगले १६औँ आवधिक योजना तर्जुमाका सन्दर्भमा नगरकोटमा दुईदिने राष्ट्रिय भेला आयोजना गरेको छ । भेलामा लैङ्गिक सशक्तीकरण, सामाजिक समावेशीकरण र परिचालन विषयगत क्षेत्रमा संवैधानिक आयोगका प्रमुख, विषय विज्ञ, विषयगत मन्त्रालयका पदाधिकारी, विश्वविद्यालयका प्राध्यापक तथा अभियन्ता तथा सरोकारावालको राष्ट्रिय तहमा सहभागिता एवं मूलभूत तहमा विज्ञहरुबाट सुझाव प्राप्त भएको आयोगका सहसचिव प्रदीप परियारले जानकारी दिए । कार्यक्रम आयोगका सदस्य डा. अनिता शाहको अध्यक्षता सञ्चालन गरिएको थियो भने समापन आयोगका उपाध्यक्ष डा. मीनबहादुर श्रेष्ठको उपस्थितिमा भएको थियो ।
विज्ञहरुले महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिकलगायत सीमान्तकृत वर्ग समुदाय एवं क्षेत्रको हक अधिकार सरक्षण तथा हक प्राप्तिमा बाध्यकारी प्रावधानका साथै नियमित वार्षिक अनुगमन हुनुपर्ने सुझाव दिएका छन् । सामाजिक समावेशीकरणमा महिला, आदिवासी जनजाति, दलितलगायत समूहलाई लक्षित गरी अनिवार्य रुपमा सरकारले कार्यक्रम तथा बजेट ल्याउनुपर्नेमा उनीहरूले जोड दिएका थिए । शिक्षालाई श्रमसँग, श्रमलाई उत्पादनसँग जोड्ने विषयलाई सोह्रौँ आवधिक योजनामा समेट्नु पर्ने सुझाव प्राप्त भएको सहसचिव परियारले जानकारी दिए ।

गाँजासहित भारतीय स्कार्पियो नियन्त्रणमा

मधेशदृष्टि बारा ।
जिल्ला प्रहरी कार्यालय बाराले पथलैयाबाट ३६ किलो लागु औषध गाँजासहित भारतीय नम्बरको स्कार्पियो नियन्त्रणमा लिएको छ । बाराको जीतपुर अमलेखगंजको सडकखण्डको पथलैयास्थित सर्भिस लाइनमा पार्किङ गरी राखेको बेवारिसे स्कार्पियोको जाँचगर्दा प्रहरीले ३६ किलो अवैध लागु औषधगाँजा बरामद गरेको जिल्ला प्रहरी कार्यालय बाराका प्रवक्ता एवं डिएसपी दधिराम न्यौपानेले जानकारी दिए । प्रहरीले डिएल ४ एनबी ३६८१ नम्बरको भारतीय स्कार्पियोको पछाडिको भागमा बक्समा लुकाइछिपाई राखेको अवस्थामा गाँजा बरामद गरेको हो । बरामद गरिएको गाँजासहित स्कार्पियो नियन्त्रणमा लिएर अनुसन्धान शुरु गरिएको डिएसपी न्यौपानेले बताए ।





अफरोज अर्पण

डोंगरीका दाउद कसरी बने ‘अन्डरवर्ल्ड डन’

- प्रसिद्ध पत्रिका फोर्ब्सले २०१५ मा दाउदको कुल सम्पत्ति ६.७ बिलियन अमेरिकी डलर रहेको अनुमान गरेको थियो । फोर्ब्सका अनुसार दाउद इब्राहिम अहिलेसम्मकै सबैभन्दा धनी ग्याङ्गस्टरमध्ये एक हुन् । उनीसँग बेलायतमा मात्रै ४ सय ५० मिलियन अमेरिकी डलर बराबरको सम्पत्ति छ । उनले विभिन्न देशमा ५० भन्दा बढी क्षेत्रमा लगानी गरेका छन् । केही रिपोर्टका अनुसार त्यस कमाइमध्येको ४० प्रतिशत अझै भारत आउने गरेको छ ।
- दाउदले पाकिस्तानमा आफ्नो बसोबास र व्यापारका लागि दुई ठाउँ बनाएका थिए । कराँचीको क्लिफ्टन रोडमा रहेको ह्वाइट हाउसको बंगला पाकिस्तानमा दाउदको स्थायी बासस्थान थियो । उनी सम्पूर्ण परिवारसहित त्यहीँ बस्थे । यसबाहेक कराँचीको डिफेन्स हाउजिङ कोलोनीमा बंगला नम्बर–३७ छ, यो दाउदको दोस्रो लुक्ने ठाउँ हो । यसबाहेक उनको देशको राजधानी इस्लामावाद र लाहोरमा पनि धेरै सम्पत्ति छ । हालै प्रकाशित धेरै मिडिया रिपोर्टमा दाउदलाई पाकिस्तानी सेना र आइएसआइको सुरक्षा रहेको दाबी गरिएको छ ।
- दाउदसँग १४ देशको पासपोर्ट रहेको बताइएको छ । उनको आतंककारी ‘दोकान’ भारत, पाकिस्तान, नेपाल, बेलायत, जर्मनी, टर्की, फ्रान्स, स्पेन, मोरक्को, साइप्रस, युएइ(दुबई), दक्षिण अफ्रिका, श्रीलंका, थाइल्यान्ड, मलेसिया र सिंगापुरसम्म फैलिएको छ । दाउद इब्राहिमका १५ उपनाम संयुक्त राष्ट्रको सूचीमा समावेश छन् ।

भारतको सबैभन्दा ठूलो शत्रु दाउद इब्राहिमसँग सम्बन्धित एउटा खबरले सोमबार बिहानैदेखि हलचल मच्चाएको छ । पाकिस्तानी मिडियामा चलिरहेको रिपोर्टका अनुसार कुनै अज्ञात व्यक्तिले दाउदलाई विष दिएका छन् र उनको अवस्था निकै गम्भीर छ । तर, यसको आधिकारिक पुष्टि भने भइसकेको छैन ।

उनी हाल कराँचीको एक अस्पतालमा भर्ना भएको पनि बताइएको छ । उनलाई कडा सुरक्षामा राखिएको छ । इन्डिया टुडेको रिपोर्टका अनुसार अस्पतालमा दाउदलाई राखिएको भुइँमा अरु कुनै बिरामी छैन । उनको परिवारका सदस्य मात्र त्यहाँ जान सक्छन् । मुम्बई प्रहरीले पनि यस विषयमा निगरानी गरिरहेको छ । मुम्बईमा रहेका दाउदका आफन्तबाट जानकारी सङ्कलन गर्ने प्रयास भइरहेको छ । यद्यपि, केन्द्रीय अनुसन्धान एजेन्सीका एक अधिकारीले दाउदलाई विष खुवाइएको खबर धेरै हदसम्म अफवाह हुनसक्ने बताएका छन् । दाउदको सुरक्षा यति बलियो छ कि कुनै पनि व्यक्तिलाई उनीसम्म पुग्न कम्तीमा १५० मानिस पार गर्नुपर्ने हुन्छ ।



पछिल्लोपटक दाउदको मृत्यु भएको हल्लामा पाकिस्तानी अधिकारीले कुनै प्रतिक्रिया नजनाएको भारतीय सञ्चारमाध्यमले उल्लेख गरेका छन् । दाउदलाई विष खुवाइएको समाचारमा कति सत्यता छ, त्यो भने केही समयपछि थाहा हुन्छ नै । सन् १९९३ को मुम्बई विस्फोटका ‘मास्टरमाइन्ड’ दाउदलाई पाकिस्तानले आश्रय दिएको भारतको आरोप छ । तर, पाकिस्तानले उनलाई शरण दिएको दाबी अस्वीकार गर्दै आए पनि धेरै तथ्य र प्रमाणले उनी पाकिस्तानमै रहेको पुष्टि गर्छ ।

को हुन् दाउद इब्राहिम ?

अन्डरवर्ल्ड डन भनेर चिनिने दाउद इब्राहिम कास्करको जन्म १९५५ मा भारतको महाराष्ट्र प्रदेशको रत्नागिरी जिल्लाको खेडमा भएको थियो । दाउदको जन्मपछि उनका बुबा इब्राहिम कास्कर आफ्नो परिवारसँग मुम्बईको डोंगरी क्षेत्रमा बस्न थाले । दाउद डोंगरीमै हुर्केका थिए । दाउद इब्राहिमका पिता एक वफादार प्रहरी थिए । कानुनका ‘रखवाला’ पिताका छोरा दाउदले कहिल्यै पनि कानुनको पालना गरेनन् । गरिबीमा हुर्केका दाउदले चाँडै धनी बन्ने सपना देख्थे । त्यही सपनाको कारण उनको सम्पर्क उतिबेलाका सुन तस्कर र विभिन्न अपराधमा जोडिएका हाजी मस्तान र करिम लालासँग भयो । दाउदले पैसाको लोभमा ७० को दशकमा हाजी मस्तान गिरोहमा काम गर्न थाले । यस अवधिमा उनले तीव्र गतिमा प्रगति गरे र विस्तारै उनको प्रभाव डोंगरीसहित पूरै मुम्बईमा बढ्न थाल्यो । केही समयपछि हाजी मस्तान गिरोहसँग विवाद भएपछि उनले आफ्नै छुट्टै गिरोह बनाए । दाइ सबिर इब्राहिम कास्करसँग मिलेर सन् १९७० मा उनले डी–कम्पनी गिरोह गठन गरेका थिए ।



मुम्बई सिरियल बम ब्लास्ट

सन् १९९३ मा मुम्बईमा भएका बम विस्फोटको आरोप दाउद इब्राहिममाथि लाग्यो । यसमा २ सय ५७ जनाको ज्यान गएको थियो भने ७ सय जना घाइते भएका थिए । मुम्बईमा भएका सिरियल ब्लास्टका मास्टरमाइन्ड दाउद इब्राहिमलाई प्रहरीले खोज्न थालेपछि उनी रातारात भारत छाडेर दुबई भागेका थिए । अहिले उनले पाकिस्तानमा आफ्नो नयाँ आधार बनाएको भारतीय इन्टेलिजेन्सको रिपोर्ट छ । दाउद इब्राहिम भारतको मस्ट वान्टेड आतंकवादी हुन् । संयुक्त राष्ट्रसंघले पनि दाउदलाई विश्वव्यापी आतंकवादी घोषणा गरेको छ । संयुक्त राष्ट्र सुरक्षा परिषद्ले सन् २००३ मा दाउद इब्राहिममाथि २५ मिलियन डलरको इनाम राखेको थियो । उनीमाथि सम्पत्ति शुद्धीकरण मुद्दा, जबर्जस्ती असुली, टारगेट किलिङ, लागुऔषध ओसारपसार र हतियार तस्करीलगायत थुप्रै मुद्दा दायर छन् ।

पाकिस्तानसँगको सम्बन्ध

मुम्बई बम ब्लास्टका कारण भारतको मस्ट वान्टेड सूचीमा रहेका दाउद दुबई हुँदै पाकिस्तान पुगे । दुबईमा भारतीय इन्टेलिजेन्सको पहुँच पुग्ने डर देखेर उनी भारतको कट्टर दुश्मन देश पाकिस्तानमा आफूलाई सुरक्षित ठानेर त्यहीं सेल्टर बनाए । दाउदको पाकिस्तानी राजनीतिज्ञ र पाकिस्तानी सेनासँग मात्र होइन्, पाकिस्तानका केही क्रिकेटरसँग पनि उनको गहिरो सम्बन्ध छ । त्यहाँ पुगेर उनले दोस्रोपटक पाकिस्तानी युवतीसँग विवाह गरे । जबकी उनकी पहिलो श्रीमती मेहजबीन शेख (जुबिना जरिन) थिइन् । मेहजबीनले नै दाउदले दोस्रो विवाह गरेको बताएकी थिइन् । तर दाउदले भने मेहजबीनको सहमतिमै दोस्रो विवाह गरेको बताएका थिए । उनको दुवै श्रीमतीबाट चार सन्तान छन् । छोरीहरू माहरुख इब्राहिम, महरीन इब्राहिम, मारिया इब्राहिम र छोरा मोइन इब्राहिम छन् । दाउदकी जेठी छोरी माहरुख इब्राहिमले सन् २०१४ मा पूर्व पाकिस्तानी क्रिकेटर जावेद मियाँदादका छोरा जुनैद मियाँदादसँग विवाह गरेकी थिइन् । यसैबीच, दाउदबारे कनै पनि कुरा नबाहिरियोस् भनेर अन्डरवर्ल्ड डनका नजिकका नातेदार जावेद मियाँदादलाई नजरबन्दमा राखिएको समाचार सार्वजनिक भएको छ ।

दाउदले पाकिस्तानमा आफ्नो बसोबास र व्यापारका लागि दुई ठाउँ बनाएका थिए । कराँचीको क्लिफ्टन रोडमा रहेको ह्वाइट हाउसको बंगला पाकिस्तानमा दाउदको स्थायी बासस्थान थियो । उनी सम्पूर्ण परिवारसहित त्यहीँ बस्थे । यसबाहेक कराँचीको डिफेन्स हाउजिङ कोलोनीमा बंगला नम्बर–३७ छ, यो दाउदको दोस्रो लुक्ने ठाउँ हो । यसबाहेक उनको देशको राजधानी इस्लामावाद र लाहोरमा पनि धेरै सम्पत्ति छ । हालै प्रकाशित धेरै मिडिया रिपोर्टमा दाउदलाई पाकिस्तानी सेना र आइएसआइको सुरक्षा रहेको दाबी गरिएको छ ।

१४ पासपोर्ट, १५ उपनाम

दाउदसँग १४ देशको पासपोर्ट रहेको बताइएको छ । उनको आतंककारी ‘दोकान’ भारत, पाकिस्तान, नेपाल, बेलायत, जर्मनी, टर्की, फ्रान्स, स्पेन, मोरक्को, साइप्रस, युएइ(दुबई), दक्षिण अफ्रिका, श्रीलंका, थाइल्यान्ड, मलेसिया र सिंगापुरसम्म फैलिएको छ । दाउद इब्राहिमका १५ उपनाम संयुक्त राष्ट्रको सूचीमा समावेश छन् । जसमा दाउद इब्राहिम, शेख दाउद हसन, अब्दुल हमिद अब्दुल अजिज, अनीस इब्राहिम, अजिज दिलीप, दाउद हसन शेख इब्राहिम कास्कर, दाउद इब्राहिम मेमन कास्कर, दाउद हसन इब्राहिम कास्कर, दाउद इब्राहिम समावेश छन् । त्यसैगरी मेमन, दाउद साबरी, कास्कर दाउद हसन, शेख मोहम्मद इस्माइल अब्दुल रहमान, दाउद हसन शेख इब्राहिम, शेख इस्माइल अब्दुल र हिजरतको नाम समावेश छ । प्रारम्भिक कालमा दाउदलाई ‘मुछाद’ भनेर चिनिन्थ्यो । यसको कारण उनको बाक्लो जुँगा थियो । तर, भारतबाट भागेपछि उनले आफ्नो नाम र पहिचान परिवर्तन गरिरहे । उनले आफ्नो रुप परिवर्तन गर्न धेरैपटक अनुहारको शल्यक्रियासमेत गराएको बताइएको छ । पाकिस्तानमा बसेपछि उनको नाम पनि परिवर्तन भयो । उनको एक नक्कली नाम शेख दाउद हसन हो । यो नाम पाकिस्तानमा उनको पहिचान हो ।

बलिउड कनेक्सन

अन्डरवर्ल्ड डन दाउदलाई फिल्महरू धेरै मनपर्छ र यसको पछाडिको कारण उनले फिल्महरू



मार्फत आफ्नो कालो धनलाई सेतोमा बदलेका छन् । योसँगै बलिउडले पनि यो अन्डरवर्ल्ड पात्रलाई सिल्भर स्क्रिनमा निकै उत्साहका साथ देखाएको थियो । अन्डरवर्ल्डमा आधारित चलचित्रहरूमा ब्ल्याक फ्राइडे, सुटआउट एट वडाला, कम्पनी, ‘डी’ समावेश छन् । वान्स अपन अ टाइम इन मुम्बई, वान्स अपन अ टाइम इन मुम्बई अगेन, शुटआउट एट लोखन्डवाला, डी डे, प्रख्यात फिल्मले वास्तविक पात्र दाउद इब्राहिम, हाजी मस्तान, अबु सलेम, छोटा शकील, छोटा राजन, माया डोलास र मन्या सुर्वेलाई जोडेको छ । बलिउडका केही नायकनायिका, निर्देशक, निर्माता, संगीतकारसँग उनको सम्पर्कको चर्चा हुने गथ्र्यो । ऋषि कपुर, अनिल कपुर, सञ्जय दत्त, गोविन्दा, मन्दाकिनी, जस्मिन धुन्ना, अनिता अयुब, सोना मस्तान मिर्जासँग दाउदको सम्बन्धको बेलाबेलामा चर्चा हुने गथ्र्यो । बलिउडका ‘क्यासेट किङ’ गुल्सन कुमारको हत्यामा पनि डी–कम्पनीको संलग्नता रहेको थियो ।

आतंकवाद र धनी ग्याङ्गस्टर

मुम्बई बम विस्फोटबाहेक दाउद इब्राहिमलाई २६–११ आतंकवादी हमला, ओसामा बिन लादेन र प्रतिबन्धित आतंकवादी संगठन अल कायदाका अलमान अल–जवाहिरीसँग घनिष्ठ सम्बन्ध रहेको, टु–जी स्पेक्ट्रम घोटाला र आइपिएल स्पट फिक्सिङ घोटालाको आरोप लगाइएको छ । अन्य मुद्दाहरूमध्ये एक अभियुक्त पनि छन् । संयुक्त राष्ट्र सुरक्षा परिषद्को आइएस र अल कायदा प्रतिबन्ध समितिले दाउदलाई विश्वव्यापी आतंकवादी घोषणा गरेको छ । प्रसिद्ध पत्रिका फोर्ब्सले २०१५ मा दाउदको कुल सम्पत्ति ६.७ बिलियन अमेरिकी डलर रहेको अनुमान गरेको थियो । फोर्ब्सका अनुसार दाउद इब्राहिम अहिलेसम्मकै सबैभन्दा धनी ग्याङ्गस्टरमध्ये एक हुन् । उनीसँग बेलायतमा मात्रै ४ सय ५० मिलियन अमेरिकी डलर बराबरको सम्पत्ति छ । उनले विभिन्न देशमा ५० भन्दा बढी क्षेत्रमा लगानी गरेका छन् । केही रिपोर्टका अनुसार त्यस कमाइमध्येको ४० प्रतिशत अझै भारत आउने गरेको छ ।



मधेशमा कुपोषणको भयावह अवस्था



वीरेन्द्र रमण

- मधेशमा देखिएको पोषणको समस्या हुनेखाने वर्ग र झन त शिक्षित परिवारमा समेत देखिएको छ । यसले समेत उनीहरुलाई चेतनाको स्तर भन्दा पनि आधुनिकता र समय अभावका कारण समस्या आउने गरेको देखिएको छ । तराई–मधेशमा आफ्नो घरमा पकाएको स्वस्थ खाजाभन्दा घरबाहिर पकाइने पकौडा, बिस्कुट, चाउचाउ छोराछोरीलाई खाजाको रूपमा दिने प्रवृत्तिले पनि बालबालिकामा कुपोषणको समस्या बढी देखिएको छ ।
- मधेश प्रदेशमा जन्मेको लगभग १३.७ प्रतिशत शिशु अतिकम तौलका छन् । मधेश प्रदेशमा जन्मेका शिशु कुपोषणको सिकार बन्ने गरेपछि उनीहरुमा विभिन्न रोगको समस्या देखिएको छ । मधेश प्रदेशमा पाँच वर्ष भन्दा कम उमेका १.५ प्रतिशत बच्चामा श्वासप्रश्वास समस्याबाट ग्रसित छन् ।
- विश्व स्वास्थ्य संगठनका अनुसार, बच्चा स्वस्थ जन्मँदा पाखुराको मोटाइ १० देखि ११ सेन्टिमिटर हुनुपर्छ भनेको छ । त्यसैगरी १ वर्ष पूरा भएपछि ५ वर्ष सम्ममा प्रत्येक वर्ष ०.१५ सेन्टिमिटरका दरले वृद्धि हुन्छ । यसरी ५ वर्षसम्ममा १७ सेन्टिमिटर हुन्छ । १२.५ सेन्टिमिटर भन्दा माथि मापन भएमा बच्चाको सामान्य अवस्था भएको बुझ्न सकिन्छ । यति ११.५ सेन्टिमिटरदेखि १२.५ भन्दा कमी मापन भएमा मध्यमखालका कुपोषण र ११.५ सेन्टिमिटर भन्दा कम मापन भएकामा कडा खालको कुपोषणका रुपमा लिइन्छ । मधेशमा कडा र मध्यम खालको कुपोषण देखिएको छ । मधेश प्रदेशमा दीर्घ कुपोषण हुनुमा गर्भावस्था एवम् शिशु तथा बाल्यकालीन अवस्थामा पर्याप्त आहार नहुनु, हेरचाह राम्रोसंग नहुनु, सुक्ष्म पोषकतत्व कमी हुनु तथा बारम्बार संक्रमण हुनु रहेका छन् ।



तराई मधेशमा शिक्षाको अभाव र खानपानमा ज्ञान नहुँदा ग्रामीण भेगमा कुपोषणको समस्या देखिएको छ । तर सहरी क्षेत्रमा समेत खानपानको विषयमा ज्ञानको अभावका कारण समस्या हुने गरेको छ । शिक्षित समुदायमा समेत यस्तो समस्या देखिएको छ । बालबच्चालाई अभिभावकले समय नदिनु, बच्चा के खाँदैछ भन्ने चासो नलिन गरेका कारणसमेत समस्या कुपोषणको समस्या देखिएको छ । शरीरलाई आवश्यक सन्तुलित आहार लामो समयसम्म नपाउनाले हुने विकृत अवस्थालाई नै कुपोषण भनिन्छ । चिकित्सकका अनुसार नेपालमा बालबालिकालाई हुने रोगको प्रमुख कारण कुपोषण नै हो । जसका कारण नेपाली बालबालिकाको शारीरिक तथा मानसिक विकास प्रभावित भएको छ । यसरी कुपोषणको सिकार हुनेमा दुई वर्षमुनिका बालबालिकाको संख्या सर्वाधिक देखिएको छ । स्मरणीय छ, शारीरिक विकासका दृष्टिकोणले बालबालिकाको मस्तिष्कलगायत अन्य प्रमुख अंगको ८० प्रतिशत विकास दुई वर्षको उमेरसम्ममा भइसकेको हुन्छ । मस्तिष्कलगायत अन्य प्रमुख अंगको सही विकासका लागि बालबालिकाको पोषण स्थिति राम्रो हुनु आवश्यक मानिन्छ । तर अहिले बजारको सामान बढी दिने गरेका कारणसमेत बालबालिका कुपोषित हुने गरेका छन् ।

मधेशमा समेत कुपोषणको अवस्था विकराल देखिएको छ । मधेशमा खाद्यान्न समस्या उति सारो नदेखिए पनि बालबालिकाको बानीव्यवहार रुपान्तरणमा अभिभावकले ध्यान नदिने गरेका कारण समेत यसखालको समस्या देखिएको छ । बालबालिका कुपोषणको सिकार हुनु भनेको निकट भविष्यमा कुनै पनि मुलुकले प्राप्त गर्ने जनशक्ति शारीरिकरूपमा रोगग्रस्त हुनु हो । संसारमा जति पनि रोग छन्, तीमध्ये धेरैको कारक कुपोषण हो । रोगग्रस्त जनशक्तिले कुनै पनि मुलुकको आर्थिक विकासको गतिलाई प्रभावित गर्छ । आर्थिक विकासको गति प्रभावित हुनु भनेको समग्र मुलुकको सबैखाले विकास प्रक्रियामा बाधा पुग्नु हो । विश्वकै विकराल समस्याका कारण मानिने कुपोषणको दीर्घकालीन समाधान नेपालका ग्रामीण भेगमा पाइने रैथाने अन्नबाली र गेडागुडी भए पनि त्यतातिर कसैको ध्यान नजाँदा विपन्न हजारौँ बालबालिका मृत्युको शिकार भएका छन् । मधेशमा अत्यधिक मोटोपनको समस्या देखिएको छ भने कतिपय बालबालिकामा अत्याधिक दुब्लोपनको समस्या समेत दिने गरिएको छ । तराई–मधेशमा आफ्नो घरमा पकाएको स्वस्थ खाजाभन्दा घरबाहिर पकाइने पकौडा, बिस्कुट, चाउचाउ छोराछोरीलाई खाजाका रूपमा दिने प्रवृत्तिले पनि बालबालिकामा कुपोषणको समस्या बढी देखिएको छ । खासमा अभिभावकले समेत बालबालिकालाई धेरै माया गर्दा समेत यस्तो समस्या आउने गरेको स्वास्थ्यकर्मीको कथन छ । स्वास्थ्यकर्मीका अनुसार बच्चाले यो खान्छु यो खादिनँ भनेपछि सोही अनुसारले अभिभावकले समेत ल्याइदिने गरेका कारण अर्थात बजारका वस्तु बढी दिने गरेकाले समेत बालबालिकामा पोषणको समस्या देखिएको छ । कामकाजी दम्पतीमा बढी यसखालको समस्या देखिएको उनीहरु काममा जान हतार गर्ने र आफनो बालबालिकामा ध्यान नदिने गरेकाले समेत समस्या बढी देखिएको छ ।

हामीलाई बाँच्न खाना आवश्यक पर्दछ, खानामा पाइने तत्वलाई पोषक तत्व भनिन्छ⊠। खानाले शरीरका आन्तरिक तथा बाहिरी अङ्गलाई दैनिक कार्य गर्न, मर्मत र वृद्धि विकास गर्न सहयोग गर्छ⊠। बालबालिकाको विकासात्मक चरणअनुरुप आवश्यक पोषक तत्वको कमी, बढी वा असन्तुलनको अवस्थालाई कुपोषण भनिन्छ⊠।

कुपोषणलाई मुख्यतः तीन प्रकारमामा बाँडिएको छः

पोषणले बालबालिकालाई उफ्रिन, दौडन, हिँडडुल गर्न र सधैँ सक्रिय रहन सहयोग गर्दछ⊠। पोषक तत्वहरूको कमी हुनासाथ बालबालिका अल्छी हुने, रोइरहने, खान मन नगर्ने, तौल घट्ने र तौल नबढ्ने जस्ता समस्या हुन्छन् । यसलाई पनि निम्न भागमा विभाजन गरिएको छ ।

शीघ्र कुपोषण

यो एक छोटो अवधिभित्र देखिने अवस्था हो, जुुन खानाको आवश्यकतामा अचानक असन्तुलन आउनाले हुन्छ । जस्तैः वर्षात्को मौसम, भोकमरी लाग्ने मौसम, रोग, प्राकृतिक प्रकोप आदि । यस खालको कुपोषणमा अचानक बालबालिकाको तौल घट्दछ । जसमा बालबालिकाको उचाइअनुसारको तौल कम हुन्छ । विश्व स्वास्थ्य सङ्गठनले दिएको बालवृद्धिको मापदण्डअनुरुप उचाइअनुसार तौलको तालिकासँग दाँजेका आधारमा हुनु वा तौल रेखा ओहलो लाग्दै जानु हो ।

शीघ्र कुपोषणका लक्षणहरूः बालबालिकामा फुर्तिलोपनमा कमी, सामान्य प्रतिक्रिया नदेखाउने, सामान्य भन्दा दुब्लो देखिने, बालबालिका कमजोर देखिने, थाक्ने, झोक्राउने, बिरामी भइरहने, पखाला लागिरहने, छाला, कपाल फुस्रो, कत्ला पर्ने, फुटेको र चमकविहीन हुने, अनुहार ख्याउटे चाउरिएको, हात खुट्टा सिकुटे देखिने (सुकेनास), अनुहार फुलेको गोलाकार, हातको कुहिनोमुनि र खुट्टाको घुँडामुनि सुन्निने, गिजा रातो भइ सुन्निने र खाँदा, छुँदा रगत आउने ।



शीघ्र कुपोषणलाई पनि थप दुई भागमा वर्गीकरण गरिएको छः



क. मध्यम शीघ्र कुपोषण

यस्ता बालबालिकामा रोइरहने, खाना खान मन नगर्ने, खाना पचाउन नसक्ने जस्ता समस्या देखापर्छ⊠। मासिक तौल मापन गर्दा आवश्यक भन्दा कम हुने हुन्छ⊠। यी बालबालिकालाई खानाबाट पोषणको मात्रा मिलाई उपचार गर्न सकिन्छ । तर गाउँघरमा विशेषतः रुन्चे लागेको भनेर स्थानीय उपचार गर्ने चलन पनि छ⊠। त्यसले गर्दा शिशु झन खतरापूर्ण अवस्थामा पुग्दछ⊠।

ख. कडा शीघ्र कुपोषण ः कडा शीघ्र कुपोषण अत्यन्त खतरनाक हुन्छ⊠। यसले बालबालिकाको मृत्यु हुने जोखिम बढी हुन्छ⊠। यस्तो कुपोषण खानाबाट मात्र समाधान गर्न सकिँदैन⊠। मेडिकल सहयोगको आवश्यकता हुन्छ⊠। अति शीघ्र कुपोषण भएका बालबालिकाको मृत्यु हुने जोखिम अन्यको दाँजोमा बढी हुन्छ ।

मरासमसः यस्ता बालबालिका सधैँ रोइरहने चिड्चिडे हुने, अनुहार चाउरी परेर बुढाबुढीको जस्तो हुने, शरीरमा मासुको मात्रा नभई हाड र छालामात्र देखिने र छाला हड्डीमा टाँसिने हुन्छ⊠। कपालको रङ कैलो तथा अलिकति तान्दा पनि झर्ने, झाडापखाला तथा अन्य समस्या देखिने हुन्छ⊠। यसलाई बोलिचालीको भाषमा सुकेनास पनि भनिन्छ।

क्वासिर्वकरः यो पनि कडा खालको शीघ्र कुपोषणका अवस्था हो⊠। यसमा बालबालिकाको शरीर सुन्निने, पानी भरिएको जस्तो अनुहार र हातगोडा देखिन्छ⊠। साथै यस्ता बालबालिका रोइरहने र धेरै कम तौल भएको अवस्था हो ।

मरास्मस क्वासिर्वकर ः यसमा दुवै खालको शीघ्र कुपोषणका लक्षण देखिन्छ⊠। यसमा पनि बालबालिका चिड्चिडे, रोइरहने, खाना नपच्ने लक्षण देखिन्छ⊠।

दीर्घ कुपोषणः

दीर्घ कुपोषणमा लामो समयसम्म कम तौल तथा मध्यम शीघ्र कुपोषणको अवस्था रही बालबालिकाको तोकिएअनुसारको उचाइमा वृद्धि हुँदैन⊠। दीर्घ कुपोषणलाई होचोपना पनि भन्ने गरिन्छ । वृद्धिमा अवरोध भएको प्रभावले बालबालिकाको शारीरिक तथा मानसिक वृद्धि र विकासमा नकारात्मक प्रभावपर्दछ । महिनौँ वा वर्षौँसम्म वृद्धि प्रक्रियामा अवरोध आउनाले बुद्धि विकासमा पनि अवरोध आउँछ⊠।

२. सुक्ष्म पोषक तत्वको कमी

सुक्ष्म पोषक तत्व भन्नाले खानामा पाइने भिटामिन तथा खनिज तत्व हुन्⊠। यसले शरीरको आन्तरिक स्वचालित अङ्गको कार्यलाई सन्तुलित गर्ने, रगत बनाउने र कार्य गर्ने, हर्मोनको मात्रा सन्तुलन गर्ने, रोगसँग लड्ने क्षमता वृद्धि गर्ने कार्य गर्दछ⊠। सामान्यतया नेपालमा अभाव देखिने सुक्ष्म पोषक तत्वमा भिटामिन ए, आयोडिन, जिङ्क र आइरन पर्दछन् । सुक्ष्म पोषक तत्वको अभावबाट रतन्धो, रक्तअल्पता, गलगाँड तथा अन्य सङ्क्रमण हुन्छ⊠।

३. मोटोपना

बालबालिकामा उचाइअनुसार हुनुपर्ने तौलभन्दा उच्च रहेको अवस्थालाई मोटोपना भन्ने बुझिन्छ⊠। मोटोपना बालबालिकालाई तयारी खानामा जोड दिने, शारीरिक सञ्चालनमा कमी र वंशाणुगत कारणले हुन्छ। यस्तो खालको कुपोषणले बालबालिकालाई मधुमेह, मुटरोग तथा क्यान्सर आदि हुने सम्भावना हुन्छ ।

मधेश प्रदेशमा यस्तो छ अवस्था

सिरहा नगरपालिका माड़रका किरण गुप्ताकी ४ वर्षीया छोरी लक्ष्मी कुपोषणबाट ग्रस्त छिन । उनको अर्को छोरी पनि १ वर्षकी लिला यही समस्याबाट ग्रस्त छिन् । उनी मधेश विज्ञान प्रतिष्ठान अन्तर्गत प्रादेशिक अस्पतालको पोषण पुनःस्थापना गृहमा नाबालिकालाई राखेर उपचार गराइरहेका छन् । यस्तै अवस्था महोत्तरीको मिटहानी नगरपालिकाकी जानकी महराकीको पनि छ । ९ महिने छोरा विक्कीसमेत कुपोषणबाट ग्रस्त छन । उनीहरुको उपचार अहिले मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान अन्त्रगत प्रादेशिक अस्पतालको पोषण पुनःस्थापना गृहमा भइरहेको छ । १० बेडको यो पुनःस्थापना केन्द्रमा बेड पाउनै मुस्किलसमेत हुने गरेएको छ । महरा तराईको दलित समुदायबाट हुन् । परिवारका सबैजना व्यापारिक वर्गबाट हुन् । यो घटनाले समेत कुपोषण आर्थिकरुपमा विपन्न समुदायका व्यक्ति मात्रै सिकार भइरहेका छन भन्ने छैन ।

विशेष गरेर हुनेखाने वर्गमा समेत कुपोषणको समस्या देखिएको छ । यसले मधेश प्रदेशमा पोषणको अवस्था उजागर गरिरहेको छ । मधेश प्रदेश स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार कुपोषणका कारणले बच्चामा रक्तअल्पताको लक्षण देखिने

क्रमशः पृष्ठ (ग) मा

ढिके नुन र बझाङीको सम्बन्ध



भूमिराज पिठातोली

> “
>
> माथिल्लो लेअरबाट बग्ने गरेको बताउनुभयो । ‘माथिल्लो लेअरमा भएको आयोडिन वर्षा, बाढी, पहिरो, भूक्षय, हावाहुरीले सबै बगाएर लिन्छ । यसैले हाम्रो मुलुकमा पाउँदैन । अहिले आयोडिनको मुख्य स्रोत भनेको समुन्द्रको पानी, समुन्द्री जीवजन्तु हुन गएको छ ।’





साइपाल गाउँपालिका–४ धुलीका सोनाम तामाङ ढिके नुन प्रयोग गरेरै हुर्किनुभयो । सात दशक पुराना उहाँलाई बाल्यकालदेखि नै ढिके नुनका लुकाल (भेडाच्याङ्ग्रामा बोकिने भारी) बोकेको खुब सम्झना आउँछ । च्याङ्ग्रा भेडामा बोकेर गाउँगाउँमा नुनको व्यापार गर्ने तामाङ दशकयता भने आयोडिनयुक्त धुलो नुन खाइरहनुभएको छ ।

विगत सम्झँदै उहाँ भन्नुहुन्छ, ‘साइपाल गाउँपालिका र तलकोट गाउँपालिकावासी त हाम्रा ग्राहक नै हुन्थे । ताक्लाकोट (चीन) बाट बखरका बखर (भेडाच्याङ्ग्राको समूह) मा नुन ल्याउँथ्यौँ । बखर चराउँदै बेच्थ्यौँ ।’ उहिले नुनको कारोबार पैसामा नभई चामलमा हुन्थ्यो । ‘नुनसँग चामल साटेर बखरमै ताक्लाकोट पु¥याउँथ्यौँ । ताक्लाकोटीलाई चामल चाहिन्थ्यो, बझाङीलाई नुन । नगद पैसाको कारोबार भने खासै हुँदैनथ्यो,’ उहाँ भन्नुहुन्छ । तामाङले अहिले ढिके नुन ल्याउन छोडेको एक दशकभन्दा बढी भइसक्यो । ‘बुढ्यौलीले छोयो । ताक्लाकोट जान पनि सकिँदैन । कोरोना आएपछि नाका बन्द भयो । गाउँमा पाकेटकमा धुलो नुन (आयोडिनयुक्त) आउन थाल्यो ।’

वस्तुभाउका लागि सदरमुकाम चैनपुरबाटै ढिके नुन आउन थालेको उहाँले बताउनुभयो । ‘आजकल ढिके नुन खाँदा विराम हुन्छ भन्छन् । त्यसैले गाउँमा सबै पाकेटकै आयोडिनयुक्त नुन खान थालेका छन् । हामी ढिके नुन खाँएर हुर्कियो, केही भएन । क्या हो, क्या हो !’

खप्तडछान्ना गाउँपालिका–५ की देवकी जोशीलाई पनि ढिके नुनसँग चामल साटेको हिजो जस्तै लाग्छ । ‘गाउँमा भेडावालासँग नुन चामल साट्न छोडेको डेढ दशक भइसकेछ । अहिले त गाउँमा न भेडा आउँछन्, न ढिके नुन नै ।’ गाउँमा २०६४–६५ सालभन्दा अगाडि धेरै मान्छे आँखाका बिरामी भेटिन्थे । एकपटक सदरमुकामबाट आएका मान्छेले ढिके नुनका कारण आँखामा समस्या आएको भनेपछि पाकेटको नुन खान थालेको उहाँले सुनाउनुभयो । ‘सदरमुकामको टोलीले नुनमा आयोडिन हुने हुँदा दाल उम्लने बेला, तरकारी पाक्ने बेला मात्रै नुनको प्रयोग गर्नु भन्नुभएको थियो । त्यो अहिले पनि सम्झना छ ।’ त्यसपछि पाकेटको नुन नै गाउँमा नियमित भएको उहाँले बताउनुभयो ।

वर्षौंदेखि घरमा ढिके नुनकै प्रयोग गर्दै आएका गाउँलेले आयोडिनयुक्त नुन पाएपछि ढिके नुन छोडेको उहाँले बताउनुभयो । ‘सुरुमा सरकारले सहुलियतमा दिने नुन नपाए पनि पाकेटको नुन किनेर खान्थ्यौँ । आजभोलि त घर घरै साल्ट्र टे«डिङको नुन पुगिसक्यो,’ उहाँले भन्नुभयो ।

जिल्लाभर आयोडिनयुक्त नुनको प्रयोग बढिरहेको छ । सबैभन्दा टाढा साइपालको धुली डिपोबाट पनि नियमित नुन बिक्री भइरहेको साल्ट्र टे«डिङ कर्पोरेसन बझाङ नरेन्द्र भाटले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, ‘अहिले सबै ठाउँमा पर्याप्त नुन छ ।

साइपालको धुलीमा हिउँ पर्न सक्छ भनेर एक सय क्विन्टल थप्न लागेका छौँ । धुलीमा हिमपात भएपछि ढुवानी गर्न सकिँदैन भनेर आज साइपालमा आएका छौँ । अब एक–दुई दिनमै नुन धुलीमा पठाउने तयारी छ ।’ अन्य ठाउँमा अहिलेलाई नुन पर्याप्त भएको उहाँले बताउनुभयो । उहाँका अनुसार बझाङमा वार्षिक १४ हजार क्विन्टलको हाराहारीमा नुन आवश्यक पर्छ । यस वर्ष भने झण्डै दुई हजार क्विन्टल कम आएको उहाँले बताउनुभयो ।

‘सरकारले विगतका वर्षहरूमा भन्दा कम वजेट विनियोजन गरेकाले यसपटक कम परिणाम आएको छ । थपका लागि पत्राचार भएरहेको छ ।’ डिपोबाट हरेक दिन बिक्री भइरहेको नुन गत महिनादेखि भने आइतबार मात्रै बेच्ने गरेको भाटले बताउनुभयो । ‘पहिले नियमित बिक्री गथ्र्यौं । अहिले अपुग हुने देखेपछि एकै दिनमा समेत क्विन्टलको हाराहारीमा बिक्री हुन थाल्यो । त्यसैले साप्ताहिक रूपमा बेच्न सुरु गरेका हौँ,’ उहाँले भन्नुभयो ।

के हो आयोडिनयुक्त नुन ?

साल्ट्र ट्रेडिङ कर्पोरेसनका विभागीय प्रबन्धक ब्रजेशकुमार झा आयोडिन एउटा पोषक तत्व भएको बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, ‘आयोडिन हाम्रो माटोमा हुन्छ । यदि माटोमा आयोडिनको कमी भयो भने त्यहाँ उत्पादित सामग्री अन्न, तरकारी, फलफूलमा समेत आयोडिनको अभाव हुने गर्छ ।’ उहाँले नेपालको भूगोल भिरालो भएकाले आयोडिन माथिल्लो लेअरबाट बग्ने गरेको बताउनुभयो । ‘माथिल्लो लेअरमा भएको आयोडिन वर्षा, बाढी, पहिरो, भूक्षय, हावाहुरीले सबै बगाएर लिन्छ । यसैले हाम्रो मुलुकमा पाउँदैन । अहिले आयोडिनको मुख्य स्रोत भनेको समुन्द्रको पानी, समुन्द्री जीवजन्तु हुन गएको छ ।’

उहाँले थाइल्यान्डमा अण्डालाई आणाइजेसन प्रविधिबाट आयोडिन मिसाएर समुदायमा वितरण गर्ने गरेको बताउनुभयो । ‘विभिन्न मुलुकमा आफ्नै तरिकाले आयोडिन उत्पादन गरिरहेका छन् । चीनमा आयोडिन मिसाएको पानीबाट सिँचाइ गरिन्छ । कतिपय देशमा खानामा पाउरोटी हुने र त्यसैमा आयोडिन मिसाउने गरेका छन् । नेपालमा भने समुन्द्रको नुनकै भर पर्नुपरेको छ,’ उहाँले भन्नुभयो ।

आयोडिनको कमी हुँदा के हुन्छ ?

गर्भावस्थामा आयोडिन पुगेन भने आमाको गर्भ तुहिन सक्ने अवस्था आउन सक्छ । जन्मिएपछि पनि बालबालिका अपाङ्गता हुने, सुस्तःमनस्थिति, गलगाडको समस्या, बच्चा जन्मने वा गर्भमै मर्नसक्ने लक्षण भएको विभागीय प्रबन्धक झाले बताउनुभयो । उहाँका अनुसार आयोडिन नपुगेको बालबालिका चलाख र क्षमतावान् हुन सक्दैन । मानसिक विकास, बौद्धिक क्षमता, खेलकुदलगायत क्षेत्रमा निकै कमजोर हुने गर्छ ।

महिनावारी हुने अवस्थामा पुगेका किशोरीको महिनावारी गडबढी, अत्यधिक रक्तस्राव हुने, पेट दुख्नेलगायत समस्या पनि आयोडिनको अभावले हुने गरेको उहाँले बताउनुभयो । ‘बालबालिका मात्रै नभई विभिन्न उमेर समूहमा मान्छेलाई पनि आयोडिनको अभावले धेरै प्रकारका रोगहरू देखिने गरेका छन् ।’ विभागीय प्रबन्धक झाले अहिले साल्ट्र ट्रेडिङले हरेक नागरिकलाई पुग्ने गरी माला कायम गरेर सहुलियतमा आयोडिन नुन बिक्री वितरण गर्ने गरेको बताउनुभयो ।

उहाँका अनुसार आयोडिनको अपुगले निकै समस्या देखिएपछि सन् १९६५ स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, विश्व स्वास्थ्य संगठन (डब्ल्युएचओ), युनिसेफले संयुक्त रूपमा सर्वेक्षण गरेको थियो । त्यो बेलामा ५५ प्रतिशत नेपालीलाई कुनै न कुनै रोग लागेको देखिएको थियो । त्यसपछि आयोडिनयुक्त नुन वितरण गर्दै १९८०, १९९८, २००७ र २०१६ मा गरिएको सर्वेक्षणले भने नेपालीको स्वास्थ्य सुधारोन्मुख देखिएको उहाँले बताउनुभयो ।



मधेशमा कुपोषणको भयावह.....



गरिएको छ । जन्मेका कुल शिशुमध्ये ५९.४ प्रतिशतमा यस खालको समस्या देखिएको छ । त्यसैगरी कम पोषण भएका दुब्ला शिशु जन्मिने गरेका छन् । अर्कातर्फ प्रजनन उमेरका महिलामा समेत रक्तअल्पताको समस्या देखिने गरेकाले समेत शिशु जन्मिँदा उनीहरुलाई विभिन्नखालको समस्या हुने गरेको छ । करिब ५८ प्रतिशत महिलामा रक्तअल्पता देखिने गरेको छ । कुपोषणको कारणले बालबालिकामा पुड्कोपना समस्या देखिएको छ । यसरी जन्मेका कुल शिशुमध्ये मधेश प्रदेशमा ३७ प्रतिशतमा समस्या देखिने गरिएको छ । अर्कातर्फ मधेश प्रदेशमा कडा खालको कुपोषणको कारणले ४ देखि २० बढी मृत्युको जोखिम रहेको छ । ख्याउटेपनाको समस्या मधेश प्रदेशमा जन्मेका शिशुमध्ये १४ प्रतिशत देखिएको छ ।

विश्व स्वास्थ्य संगठनका अनुसार, बच्चा स्वस्थ जन्मँदा पाखुराको मोटाइ १० देखि ११ सेन्टिमिटर हुनुपर्छ भनेको छ । त्यसैगरी १ वर्ष पूरा भएपछि ५ वर्ष सम्मा प्रत्येक वर्ष ०.१५ सेन्टिमिटरका दरले वृद्धि हुन्छ । यसरी ५ वर्षसम्मा १७ सेन्टिमिटर हुन्छ । १२.५ सेन्टिमिटर भन्दा माथि मापन भएमा बच्चाको सामान्य अवस्था भएको बुझन सकिन्छ । यति ११.५ सेन्टिमिटरदेखि १२.५ भन्दा कमी मापन भएमा मध्यमखालका कुपोषण र ११.५ सेन्टिमिटर भन्दा कम मापन भएकामा कडा खालको कुपोषणका रुपमा लिइन्छ । मधेशमा कडा र मध्यम खालको कुपोषण देखिएको छ । मधेश प्रदेशमा दीर्घ कुपोषण हुनुमा गर्भावस्था एवम् शिशु तथा बाल्यकालीन अवस्थामा पर्याप्त आहार नहुनु, हेरचाह राम्रोसंग नहुनु, सुक्ष्म पोषकतत्व कमी हुनु तथा बारम्बार संक्रमण हुनु रहेका छन् । मधेश प्रदेशमा जन्मेको लगभग १३.७ प्रतिशत शिशु अतिकम तौलका छन् । मधेश प्रदेशमा जन्मेका शिशु कुपोषणको सिकार बन्ने गरेपछि उनीहरुमा विभिन्न रोगको समस्या देखिएको छ । मधेश प्रदेशमा पाँच वर्ष भन्दा कम उमेका १.५ प्रतिशत बच्चामा श्वासप्रश्वास समस्याबाट ग्रसित छन् ।

के भन्छन् विज्ञ ?

यसो त अहिलेसम्म पोषणको समस्या दुई छाक टार्ने परिवारमा बढी देखिएको जस्ता सोच नीति निर्मातामा देखिएको थियो । तर मधेशको पोषणको अवस्था हेर्दा यो सही हैन । विज्ञको बुझाईलाई मधेशमा देखिएको समस्यालाई फेरिदिएको छ । खास गरेर मधेशमा देखिएको पोषणको समस्या हुनेखाने वर्ग र झन त शिक्षित परिवारमा समेत देखिएको छ । यसले समेत उनीहरुलाई चेतनाको स्तर भन्दा पनि आधुनिकता र समय अभावका कारण समस्या आउने गरेको देखिएको छ । तराई–मधेशमा आफ्नो घरमा पकाएको स्वस्थ खाजाभन्दा घरबाहिर पकाइने पकौडा, बिस्कुट, चाउचाउ छोराछोरीलाई खाजाको रूपमा दिने प्रवृत्तिले पनि बालबालिकामा कुपोषणको समस्या बढी देखिएको छ । खासमा अभिभावकले समेत बालबालिकालाई धेरै माया गर्दा समेत यस्तो समस्या आउने गरेको स्वास्थ्यकर्मीको कथन छ । स्वास्थ्यकर्मीका अनुसार बच्चाले यो खान्छु यो खादिनँ भनेपछि सोही अनुसारले अभिभावकले समेत ल्याइदिने गरेका कारण अर्थात बजारका वस्तु बढी दिने गरेकाले समेत बालबालिकामा पोषणको समस्या देखिएको छ । कामकाजी दम्पतीमा बढी यसखालको समस्या देखिएको छ । उनीहरु काममा जान हतार गर्ने र आफ्ना बालबालिकामा ध्यान नदिने गरेकाले समेत समस्या बढी देखिएको छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव डा. प्रमोद यादवले अहिले आधुनिकताका कारण गरिब, विपन्नता भएका समुदाय भन्दा पनि हुने खाने वर्ग र शिक्षित वर्गमा पोषणको समस्या देखिएको बताए । उनले भने, ‘सडक, बजार स्कुल क्याम्पस, पिकनिकस्थलमा चाउचाउ र चिप्सका प्याकेट बोकेका किशोरकिशोरीले मजा मान्दै खाएको हामी टुलुटुलु हेरिरहेका छौँ, यसको कारण के हो भने हामीलाई आउने दिनमा यसले कस्तो समस्या नित्याउन सक्छ, त्यस विषयमा जानकार नै हुँदैनौ, हो यही हो समस्याको मूल जड ।’

अहिले पोषणको कार्यक्रम स्थानीय तहमा चलिरहेको तर यसमा समन्वयको अभाव देखिएको छ । यसले समेत समस्या देखिएको छ । नगराइन नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत राम गुलाम कर्णले समन्वय र जनप्रतिनिधिको इच्छाशक्ति अभावका कारण यसखालको समस्या देखिएको बताए । उनले भने, ‘आफ्ना कार्यकर्तालाई राखेर जिम्मेवारी दिने जुन प्रवृत्ति छ उनीहरुलाई स्वास्थ्यको ज्ञान नै हुँदैन, त्यसले समस्या निम्तिएको छ ।’

आउने दिनमा अभिभावकले सचेतता अपनाएनन् भने बालबालिका निकै जोखिममा पर्ने देखिन्छ । अर्कातर्फ सरकारको लगानीसमेत समन्वयतात्मक किसिमले अगाडि बढाउनुपर्ने आवश्यकता रहेको छ । तब मात्रै मधेशमा देखिएको पोषणको समस्या समाधान गर्न सकिन्छ ।

स्रोतः युनिसेफ र स्वाथ्य तथा जनसंख्या मन्त्रालय मधेश प्रदेश



नपत्याउँदा सर महावीर

विकास पौडेल
paudelbikash774@gmail.com

धेरैलाई लाग्दो हो, 'जाँगे' (हाप पाइन्ट) लगाएर छातिमा झुन्डिएको चस्मा भिर्ने र हेर्दै युगभन्दा धेरै पछि भएजस्तो देखिने मान्छेले नेपालको विज्ञान क्षेत्रको अगुवा गर्ने कुरा 'टेड एक्स' जस्ता प्लेटफर्ममा दिइएका प्रस्तुति हेर्ने युवाले अलिकति पनि पत्याउँदैनन् होला । विश्वभरका एमआइटी, हार्वर्डमा पढेका वा पढाउने दश प्रन्ध जना नेपालीको टिमले केही गर्न खोजेमा मात्रै केही हुन्छ कि, यस्तो सोचसमेत धेरैमा हुन सक्छ । विश्वमा 'एजकटिङ टज' दिनसक्ने प्रविधि र त्यसको उत्पादनमा व्यावसायिक सफलता पाएका कम्पनी र विश्वविद्यालयमा दशकौंदेखि अनुसन्धानलाई निरन्तरता दिइरहेकाप्रति मान्छे बढी आशावादी हुन सक्छन् । तर, नयाँ कुरा पत्ता लगाउने भन्दा पत्ता लगाइसकेका कुरा कुटनीतिक माध्यमबाट सिक्ने चाँजोपाजो मिलाउने र यथासक्य प्रयोग गर्न जान्ने मात्रै हुन्थ्यो भन्ने शुभेच्छा राख्नु अस्वाभाविक पनि होइन । कहिले नेपालमा अनुसन्धानलाई प्रोत्साहन गर्ने नीति आउने, कहिले केही नयाँ पत्ता लाग्ने र कहिले त्यसले व्यावसायिक सफलता पाएको हेर्न पाउने ?

'कक्षा १० मा पढ्ने विद्यार्थीले प्लेन बनाए हेर्नुहोस्, तात्तातो खबर ।' यस्ता न्युज नै नेपालीले पढेको र हेरेको विज्ञानसम्बन्धी सबैभन्दा बढी न्युज हो भन्दा अतिशयोक्ति नहोला । अनि कसले पत्याउने त्यो प्लेनले एयरबस बोइङसँग कम्पिटिसन गर्न सक्छ । यस्तै होइन त तपाईं हाम्रो सामान्य सोच ! त्यस्ता विद्यार्थीलाई प्रोत्साहन गर्नु राम्रै हो तर यस्ता न्युज हेरेर अन्य न्युज नहेर्ने अनि विज्ञानलाई लिएर निराशावादी चिन्तन राख्नु भने बुद्धिमानी कदापि होइन ।

सेवामूलक कतिपय क्षेत्रमा, गेमिका क्षेत्रमा सफ्टवेयर, वेबसाइट, एप्लिकेसन बनाउन सक्ने नेपाली विद्यार्थीले समेत अन्तर्राष्ट्रिय मुद्रा कमाउनसक्ने अवस्था बनिसकेको कुरामा भने हामी आममान्छेले विश्वास राख्नसक्नुपर्छ । अझ बढी राज्यले विश्वास राख्न सक्नुपर्छ । साथै विज्ञानभित्र यस्ता विषयसमेत पर्ने कुरामा आशावादी हुनुपर्छ ।

आविष्कार केन्द्रले गर्ने कार्य पनि यस्तै १० कक्षाका विद्यार्थीले प्लेन बनाएजस्तै होला भन्ने लाग्न सक्छ । अथवा कसैलाई विश्वका नामुद युनिभर्सिटीसँग गरिने एकेडेमिक प्रतिस्पर्धाका अनुसन्धान होला भन्ने पनि लाग्न सक्छ, तर त्यस्तो होइन । 'महावीर पुन'को जीवन कथा पढेपछि यी यावत प्रश्नको उत्तर मज्जाले मिल्नेछ । देशको विज्ञान क्षेत्रको अगुवा आफैंमा कतिको बौद्धिक र अनुभवका मान्छे हुन्, साथै कतिको 'एकसुरे' मान्छे पनि हुन् भन्ने पुस्तकले स्पष्ट पार्छ ।

एक्सतिर केही बुद्धिजीवीले कबाडी सामान जोडेर आविष्कारका नाम दिनु सामाजिक अपराध हो भनेर लेखेको पनि देखिन्छ । आविष्कार केन्द्रको नाम किन राखियो भन्ने कुरामा महावीरले 'नवप्रवद्र्धन भन्दा सर्वसाधारणले नबुझलान भनेर आविष्कार केन्द्र नामाकरण गरिएको र त्यो गलत भएको स्पष्टिकरण दिएका छन् । पेज २१३ । तर पनि उनी थप्छन्, 'यसले पनि कहिले न कहिले केही न केही आविष्कार गर्ला नि !'

रवि लामिछानेले संसदमा उल्लेख्य उपस्थिति जनाएपछि कतिपय पाका पत्रकारले उनको त्यो प्राप्तिमा पहिले शंका अनि मात्र विश्वास गरेको पाउथे । महावीर पुनले चलाएको आविष्कार केन्द्रलाई समेत छुच्चो मुख भएका केही बुद्धिजीवीले त्यसरी नै खिसिव्युरी गरेका त होइनन् भन्ने लाग्छ । महावीरले जति आफ्नो व्यक्तित्वले देशका लागि कमाएका छन् र त्यति त्याग गरेका छन् । के यो अन्य कसैको व्यक्तित्वले सम्भव थियो ? एकपटक पुस्तक पढेपछि सबैले र टिप्पणी गर्नेहरुले समेत मनन् गर्नुपर्दछ ।

यस्तै विषयलाई स्पष्ट पार्न पुस्तकमा महावीर पुन लेख्छन्, 'एकथरी प्राज्ञलाई आविष्कार केन्द्रमा एकेडेमिक अनुसन्धान नभएर व्यवहारिक अनुसन्धानको मात्र काम हुन्छ भन्ने थाहा नभए जस्तो छ ।' 'आविष्कार केन्द्रको उद्देश्य कुनै विधाको नयाँ सिद्धान्त पत्ता लगाउने नभई देशको अर्थतन्त्र सुधार्न र नेपालमै सकेसम्म धेरै रोजगारीको सिर्जना गर्ने किसिमका व्यावहारिक अनुसन्धान गर्ने हो । कुटो, कोदालो, नटबोल्टदेखि सानातिना मेडिकल उपकरण, शैक्षिक सामग्री, खाद्य पदार्थ उत्पादन गर्नु समेत केन्द्रको उदेश्य हो । यस्ता साधारण कुरा उत्पादन गर्नसमेत अनुसन्धान गर्नुपर्छ र ? भन्ने कुरा प्राज्ञिक व्यक्तिले नबुझ्नु देशको यस्तो बेहाल हुनुको प्रमुख कारण हो ।'



पेज २९४ ।

वस्तु तथा सेवा उत्पादन गर्न र त्यसको बजारीकरणका लागि आविष्कार केन्द्रले मदत गर्दै आइरहेको कुरा पटकपटक पुस्तकमा दोहोर्याइरहेको हामीले मनन गर्न सक्ने छौं । महावीर यो पनि स्वीकार्छन, 'कतिपय विश्वविद्यालयका विद्यार्थीले प्रोटो टाइप बनाउन सकेका छन् तर बजारीकरण र व्यवसायीकरण गर्न कसैले लगानी गर्दैन ।' पेज २४४ ।

एक सय सानातिना अनुसन्धानका काम भएको आविष्कार केन्द्रमा साठी जति काम भने पूर्णरुपमा असफल भएको बताउने महावीरले पुस्तकमा खुलेरै बजार र अनुसन्धानबारे लेखेका छन् । असफलताको मुख्य कारण 'राम्रो प्रोटोटाइप बने पनि बजारयोग्य नभएर असफल भएका छन् । केही वस्तु राम्रै र उपयोगी बने पनि त्यसको उत्पादन लागत बढी भएर महँगो हुन गई व्यावसायिकरुपमा असफल भए ।' पेज २७१ । यी स्वीकारोक्ति हेर्दा अनुसन्धान सफल भए पनि बजारमा नबिक्दा त्यसलाई केन्द्रको असफलताका रुपमा लिएका महावीरले साँच्चिकै बजार सम्बन्धमा ध्यान दिएको बुझ्न सकिन्छ । 'कुनै पनि वस्तुको बजार परीक्षण नगरिकन एकैचोटी उत्पादन गर्दा असफल हुने जोखिम ठूलो हुन्छ । बजार परीक्षण गरेपछि उपभोक्ताहरुबाट पाएका सुझावले ती उपभोग्य वस्तुलाई थप सुधार गर्ने अवसर मिल्छ ।' पेज २७० ।

त्यस्तै केन्द्रले अनुसन्धानकर्तालाई सहयोग गर्न पाँच चरण बनाएको कुरा पुस्तकमा पढ्न सकिन्छ । अनुसन्धानबाट बनेको सफल नमूनालाई लगानीकर्तासँग जोड्न र त्यसको बजारिकरणका लागि सरकारसँग मिलेर आवश्यक सहयोग गर्ने चरणबद्ध कार्यसमेत



पुस्तकमा उल्लेख गरिएको छ । बजार र अनुसन्धानको सम्बन्धलाई सैद्धान्तिक रुपमा मात्रै होइन अनुभवजन्य तथ्यका आधारमा राम्ररी केलाएका पुनले २०८० वैशाखमा गरेको धर्ना कार्यक्रमको मागपत्रमा समेत अनुसन्धान, उत्पादन र बजारिकरणलाई नछुटाएको प्रष्ट बुझ्न सकिन्छ । पेज २५६ ।

तराईको गाउँमा हलो विस्थापित भएर ट्र्याक्टर, दाइँ हाल्ने चलन विस्थापित भएर थ्रेसर, हसिया विस्थापित भएर धान काट्ने हाते मेसिनदेखि ठूला कम्पाइन, खेत जोत्ने हाते ट्र्याक्टर सिँचाईका लागि घरघरमा होन्डा मेसिन, भुसा काट्ने मेसिन देखिरहेको युवालाई यस्तै मेसिनको नेपाली भर्जन वा पुस्तकमा उल्लेख गरेजस्तै पेज १९६ रिभर्स इञ्जिनियरिङबाट बनाइएका आधुनिक नेपाली मेसिनको उपादेयता वा त्यस्तै केही नयाँ नेपाली मेसिन जसले यसरी नै रैथाने परम्परालाई यान्त्रिकरणमा जान बाध्य बनाएको होस् । त्यसको राजस्व देशमा नै बचाउने कार्य आविष्कार केन्द्रले गर्न सक्छ भन्ने आत्मविश्वास अवश्य नै जाग्छ र नेपाली समाजमा यस्तो प्रशस्त अवसर भएको मनन गर्न सकिन्छ । यो त भयो कृषिको कुरा त्यो पनि तराईको ।

पहाडको, हिमालको र अन्य विधामा समेत यस्तै अवसर छन् भन्ने विश्वास गर्न सकिन्छ । यसका अलावा अरुको भरपर्ने भन्दा नयाँ प्रयोग गर्न रुचाउने स्वभाव भएका पुनले जीवनमा गरेका यस्तै प्रयोग, बौद्धिक आर्जन, व्यक्तित्वलगायतका कुरा, त्याग र स्वभावका कुराले पुस्तकलाई पढिरहुँ जस्तो बनाउँछ । पुस्तकमा पुनको सिडिओसँगको संघर्ष, अमेरिका जान गरेको साधना, पहिलो अमेरिका यात्राका लागि पैसा जुटाउदाँको किस्सा, दुई–दुई पटक प्लेन छुटेको किस्सासमेत कम्ता रोमाञ्चक छैनन् । त्यस्तै, महावीरको आविष्कार केन्द्र निर्माणअघिको विश्व भ्रमण, उनलाई प्राप्त सम्मान पुनलाई नेताको ललिपपका आकर्षक किस्सा समेत पुस्तकमा छन् ।

अन्तरजातीय प्रेम विवाहः बेहुली जन्ती लिएर बेहुलाकहाँ



दिवेश कुमार महतो



सामान्य बुझाईअनुसार विवाहमा बेहुला पक्षले जन्ती लिएर जान्छ । बेहुली पक्षले जन्ती लिएर गएको कुरा धेरैलाई अप्ठ्यारो लाग्न सक्छ । तर धनुषाको वटेश्वर गाउँपालिका वडा नम्बर २ धुमाशनका २२ वर्षीय आदर्श कुमार महतोको विवाहमा बेहुलीले नै जन्ती लिएर आएको थियो । बेहुली प्रिया झा परिवारसहित बेहुलाको घर जन्तीसहित पुगेर हिन्दू परम्पराअनुसार वैवाहिक बन्धनमा बाँधिइन् । हिन्दू परम्पराअनुसार आँप (आम) विवाह गर्नुपर्ने परम्परा छ । सोही विधि गर्न बेहुला पक्षले रथमा बाजागाजासहित आमविवाह गर्न पुग्यो । ब्रह्मथान कुल देवतालाई सम्झि, स्थानीयलाई साक्षी राखेर विधि सम्पन्न भयो ।

पूजा गरेर बेहुलासहितको टोली घर फर्किने क्रममा एक्कासी बेहुलीको गाडी त्यहीँ थाननजिकै आइपुग्यो । चाखलाग्दो कुरा के छ भने त्यो विवाहमा दुलही पक्षले जन्ती ल्याएझैं दुई वटा स्करपियोसहित बेहुलाको घर पुगेको थियो । त्यसपछि जे भयो, त्यो दृश्य आफैंले हेर्दा र सम्झँदा अनौठो लाग्यो मलाइ । बाजागाजासहित अघिअघि बेहुला सवार भएको रथ, पछिपछि बेहुली सवार भएको स्करपियो बेहुलाको घर पुग्यो । बेहुलाको घरअगाडि पण्डाल र आँगनमा आकर्षक होमाइद (होम) बनाइएको थियो । जबकि केटी पक्षले आफ्नो घरमा होमाइद बनाउनु पर्ने ठाउँमा केटा पक्षले यो कार्य गरेको रहेछ । केटी पक्षबाट आएकाले वैवाहिक गतिविधिलाई निरन्तरता दिँदै स्वयम्वर कार्य अगाडि बढाए । बिहेमा आएकामध्ये महिलाको संख्या अधिक थियो । स्वयम्वरमा स्थानीय उत्साहका साथ हेरिरहेका थिए । 'जीवनमा करिब पाँचसय जोडीको विवाह गराइसकेको छु । तर आदर्श र प्रियाको विवाह भने अरु भन्दा धेरै फरक थियो,' पण्डित बेचन महतोले भने, 'मैले यसअघि पनि प्रेमविवाह गराएको छु । तर यी दुवैको विवाह भने मेरा लागि मात्र नयाँ नभएर समग्र वटेश्वर गाउँपालिकाकै लागि नयाँ रोचक थियो ।'

उनका अनुसार बेहुलाको आँगनमा होमाइद (होम) मा अग्निको परिक्रमा गरी विवाह समापन भयो । समाजको रीतिरिवाज र हिन्दू परम्पराअनुसार नै अन्तरजातीय विवाह भयो । वर्तमान समयमा यो सकारात्म सन्देश हो । यसमा बेहुला र बेहुलीसँगै दुवैको परिवार पनि खुशी थिए । आदर्शले प्रेम विवाहमा कुनै पनि प्रकारको दाइजो नलिएको दाबी गर्छन् । कुनै लेनदेन नभएको र दुवै पक्षको खर्च आदर्शले नै व्यवस्था गरेको बेहुली प्रिया बताउँछिन् । 'समाजमा विद्यमान रहेको दाइजो प्रथालाई तोड्दै समाजमा सकरात्मक सन्देश दियो,' प्रियाले भनिन् ।

मधेशमा मधेशी झा ब्राह्मण वर्ग हो । महतो, कोइरी, कुशवाहा ब्राह्मण वर्गमा होइनन् । तर, पनि अन्तरजातीय विवाह र दाइजोमुक्त विवाहलाई बेहुला पक्षले स्वीकार गरेको थियो । परिवार, जातपात, कुलघरान भन्दा स्वयम् व्यक्तिको इच्छाचाहनाका आधारमा आफूखुशी विवाह भयो । जात मेल नखाएको अवस्थामा पनि यी दुवै जोडीले विवाह गरेर जात भन्दा पनि मन ठूलो हुन्छ भन्ने कुरा दर्शाए । कानुनीरुपमा विवाह गर्ने उमेर पुगेको, दाइजो प्रथामुक्त र जातभन्दा पनि मनलाई मानेर गरिएको विवाह वटेश्वर गाउँपालिका क्षेत्र वरिपरीका लागि अनौठो र नयाँ विषय बन्यो ।

'गाउलेहरुले भोज खाए । तर समाजले अन्तरजातीय विवाह गरेको भन्दै दण्ड तिर्न लगाए,' बेहुला आर्दशले भने, 'दण्डस्वरुप भोज गर्ने 'कडाही' किन्न लगाए ।' स्त्री र पुरुषबीचमा पतिपत्नीको सम्बन्ध कायम गराउने धार्मिक वा सामाजिक कर्मलाई विवाह वा बिहे भनिएको हो । विवाह धेरै प्रकारका छन् । पितृसत्तात्मक वंशीय पदतिमा जो कोहीबीच जे जसरी कथित माथिल्लो वर्ण (जातिका पुरुषले कथित तल्ला वर्ग (जातिका स्त्रीसँग विवाह गर्न पाउने र प्रतिलोम कथित तल्ला वर्ण(जातिका पुरुषले कथित माथिल्ला वर्ण(जातिका स्त्रीसँग विवाह गर्नसक्नेलाई शर्तसहित वैधता प्रदान गरियो । पुरुषले स्त्रीको इच्छाविपरीत पनि विवाह गर्ने उसबेलाको समाजमा विवाहलाई ब्रह्म, दैव, आर्ष, प्रजापत्य, आसुर, गान्धर्व, राक्षस र पिशाच भनेर आठ प्रकारमा वर्गीकरण गरिएको छ ।

माथि व्याख्या गरिएको विवाह भने गान्धर्व विवाह हो । केटाकेटीले प्रेम गरेर गरेको विवाहलाई गान्धर्व विवाह भनिन्छ । हाम्रो देशको कानुनअनुसार मुलुकी देवानी संहिता २०७४ अनुसार, कुनै पुरुष र महिलाले कुनै उत्सव, समारोह, औपचारिक वा अन्य कुनै कार्यबाट एकअर्कालाई पतिपत्नीको रुपमा स्वीकार गरेको अवस्था वा विवाह, पुरुष र महिलाबीच दाम्पत्य तथा पारिवारिक जीवन प्रारम्भ गर्न कायम भएको एक स्थायी, अनिलम्य तथा स्वतन्त्र सहमतिमा आधारित एक पवित्र सामाजिक तथा कानुनी बन्धन हो । सोहीअनुसार हाल प्रचलनमा रहेको विवाहका प्रकारहरूमध्ये मागीविवाह, प्रेमविवाह, अदालती विवाह, हक लाग्ने विवाह, जुहारी विवाह, चोरी विवाह गरी छुट्याइएको हो । उनीहरुले गरेको प्रेम विवाह मात्र प्रेम सम्बन्धमा सीमित रहेन । दाइजो प्रथालाई बेवास्ता गर्दै अन्तरजातीय विवाह गरेर समाजमा सकारात्मक सन्देश स्थापना गर्न अहम भूमिका खेलेको छ ।



विवाह भए पनि वैधानिकता दिने मनुस्मृतिमा नै व्याख्या गरिएको छ । त्यसबेलाको परम्पराअनुसार, अनुलोम

हुलाकी सडकको ट्रयाक 'चेन्ज'

मधेशदृष्टि
वीरगंज ।
तराईको लाइफलाइनका रुपमा रहेको हुलाकी सडक विस्तार योजनाले तीव्रता लिने भएको छ । पर्साको ठोरीदेखि राष्ट्रिय निकुञ्ज हुँदै भरतपुरसम्म पुग्ने सडकखण्ड अन्तर्गत विभिन्न स्थानमा निर्माण कार्य अवरुद्ध भएपछि त्यस भेगका जनताले सास्ती भोग्दै आइरहेका छन् ।
हुलाकी सडक निर्माणका लागि चितवन राष्ट्रिय निकुञ्जले अवरोध गरेपछि ठोरीबाट माडी हुँदै भरतपुर जोडने हुलाकी सडक ठोरी माडी खण्डको निकुञ्ज भन्दा बाहिर ट्रयाक खोल्ने काम सम्पन्न भइसकेको र सोहीअनुसार काम अगाडि बढ्ने हुलाकी राजमार्ग निर्देशनालय, योजना कार्यालय, वीरगंजका प्रमुख दीपक झाले जानकारी दिए ।
ठोरीको चौतारावाट बफरजोन हुँदै भालु खोला, रिउ खोलाको किनारै किनार माडी बसपार्कमा निस्कने गरी सम्भाव्यता अध्ययन सम्पन्न भएको झाले बताए । सम्भावयता अध्ययनसँगै रेखाङ्कन मन्त्रालयबाट स्वीकृतिका लागि पठाइएको र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले स्वीकृत गरेपछि चालु आर्थिक वर्षमा डिपिआर निर्माण गरी अर्को आर्थिक वर्षबाट सडक निर्माण कार्य अगाडि बढाइने योजना प्रमुख झाले जानकारी दिए ।
त्यसैगरी, हुलाकी सडक खण्डकै चितवनको रिउबाट राष्ट्रिय निकुञ्ज हुँदै राप्ती निस्कने ट्रयाक निर्माण गरिसकेको र अब ध्रुव चेकपोष्टबाट सडकको ट्रयाक भरतपुर निस्कने जानकारीसमेत झाले दिए । त्यसैगरी हुलाकी सडक खण्डको माडी क्षेत्रमा पर्ने घाँगर, भालु खोला, बगई र पतरे खोलाको पुल निर्माण यस आर्थिक वर्षमा सम्पन्न हुने गरी काम सुरु भएको छ । विगतमा सपना लोहनी जेभीले पुल निर्माणको ठेक्का लिएको भए पनि लोहनीले ठेक्काबाट हात झिकेपछि सपना जेभीले पुल निर्माणको जिम्मा लिएको छ ।
हुलाकी सडक निर्माणपछि वीरगंजबाट पर्साको ठोरी हँुदै चितवनको माडी र भरतपुरको यातायात दूरीसमेत घट्ने छ । यसबाट पर्सा तथा चितवनका ग्रामीण क्षेत्रका लाखौँ स्थानीय लाभान्वित हुने बताइएको छ ।

माओवादी बाराले बुझायो प्रधानमन्त्रीलाई ज्ञापनपत्र

मधेशदृष्टि
वीरगंज ।
नेकपा माओवादी केन्द्र बाराले प्रधानमन्त्री पुष्पकलम दाहाल'प्रचण्ड'लाई जिल्लाका समस्या समधानको माग गर्दै ज्ञापनपत्र बुझाएको छ ।
माओवादी केन्द्र बाराका जिल्ला इञ्चार्ज तथा पार्टीका स्थायी समिति सदस्य प्रल्हाद बुढाथोकी नेतृत्वको टोलीले काठमाडौंमा प्रधानमन्त्रीलाई भेटेर ज्ञापन पत्र बुझाएको हो ।
कोल्हवी नगरपालिकामा देखिएको समस्या, मोही र भुमिहिन किसानहरुको मागलाई सम्बोधन गर्न पत्रमा उल्लेख गरिएको छ । हदबन्दी भन्दा बढी जग्गा स्थानीय सामन्तहरुले गैरकानुनी रुपले मोही किसानहरूलाई विचल्ली बनाएर आफ्नो नाममा ल्याउने काम गरि रहेको भन्दै यस्ताविरुद्ध कारवाही गर्न माग गरिएको छ । ज्ञापन पत्रमा हदबन्दी भन्दा बढी जग्गा मोही किसानहरूलाई र भुमिहिन किसानहरुलाई वितरण गर्नुपर्ने लगायत त्यस क्षेत्रको सुकुम्बासी समस्या हल गर्नुपर्ने, तामागढी सिम्रौनगढ सडक विस्तारको मुआब्जा हालसम्म वितरण नभएको बारे ध्यानाकर्षण गराएको छ ।

एमालेको रौतहट अधिवेशन माघ १२ र १३ गते



मधेशदृष्टि
रौतहट ।
नेकपा एमाले रौतहटले आफ्नो १० औं जिल्ला अधिवेशन गर्ने भएको छ । एमाले जिल्ला कमिटी रौतहटको बैठकले माघ १२ र १३ गते गरुडामा अधिवेशन गर्ने निर्णय गरेको हो ।
बैठकले अधिवेशन तयारीका लागि विभिन्न उप समिती समेत गठन गरेको छ । अधिवेशनमा प्रत्येक पालिकाबाट ५० जना सङगठित सदस्य बराबर ५ जना प्रतिनिधि चयन गर्ने, ५० जना भन्दा बढी सदस्य भएमा २० जनामा थप १÷१ जनाका दरले थप गर्दै जाने निर्णय गरेको छ । त्यसैगरी अधिवेशन भएका जनसङठनबाट ३ जना र अधिवेशन हुन बाँकी जनसङठनका जिल्ला कमिटीबाट २ जनाको दरले प्रतिनिधित्व गराउन निर्णय गरेको छ । जिल्लाभरीका पालिकामा माघ ३ गते एकै दिन प्रतिनिधि छनौट गर्ने निर्णय समेत गरेको छ । जिल्ला कमिटीका संयोजक सचितानन्द साहको अध्यक्षता सम्पन्न भएको बैठकमा पोलिटब्यूरो सदस्य तथा रौतहट जिल्ला इन्चार्ज पुरुषोत्तम पौडेल, मधेश प्रदेश कमिटीका अध्यक्ष चन्देश्वर मण्डल, प्रदेश सचिव मनोज पौडेल लगायतले आ–आफ्नो धारणा राखेका थिए । बैठकमा केन्द्रीय कमिटी सदस्यहरु उधव रेग्मी, अजय गुप्ता, रेखा झा, प्रदेश उपसचिव आरती भण्डारी लगायतको उपस्थिति रहेको थियो ।

ट्रक प्रहरीको नियन्त्रणमा



मधेशदृष्टि
वीरगंज ।
बिल बिजक भन्दा बढी औषधी तथा खुद्रा समानहरू लोड रहेको ट्रक पर्सा प्रहरीले नियन्त्रणमा लिएको छ । वीरगंजबाट चितवनतर्फ जाँदै गरेको ना.२ ख ९३५७ नम्बरको मालवाहक ट्रकलाई वीरगंज महानगरपालिका वडा नं. १४ गण्डक चोकस्थित सडकखण्डमा रोकेर चेकजाँच गर्ने क्रममा ट्रकमा बिल बिजक भन्दा बढी मालबस्तुहरू लोड रहेको तथा बिल बिजक संकास्पद देखिएपछि नियन्त्रणमा लिईएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता एवम् सूचना अधिकारी ध्रुव कुमार श्रेष्ठले जानकारी दिए ।
नियन्त्रणमा लिएको ट्रक सहित समानको ४५ लाख ९६ हजार १ सय ४ रुपैया मुल्याङकन गरी थप कारवाहीका लागि राजश्व अनुसन्धान कार्यालय पथलैया, बारामा बुझाइएको प्रवक्ता श्रेष्ठले बताए ।

People in Need

Expression of Interest (EOI)

People in Need (PIN) invites Expression of Interest (EOI) from the interested Nepalese Non – Governmental organizations to work in **Security and Justice Programme (SJP): Hamro Pratigya** in (i) Madhesh (ii) Lumbini and (iii) Karnali province. Interested organizations can request the EOI package documents from: **eoi.nepal@peopleinneed.net**. PIN will provide the package documents starting from 27th December 2023. The deadline to submit the EOI package document is 12.01.2024.

कृषि सामग्री कम्पनीको दाबीः यसपटक मल अभाव हुँदैन

मधेशदृष्टि
वीरगंज ।
कृषि सामग्री कम्पनी लिमिटेड मधेश प्रदेश प्रादेशिक कार्यालय वीरगंज पर्साले बर्सेनि रासायनिक मलको अभाव झेल्दै आएको मधेश प्रदेशका किसानलाई यस वर्ष गहुँखेतीका लागि मलको समस्या नहुने जनाएको छ । यो वर्ष गहुँबालीका लागि अहिले चाहिने डिएपी मल जिल्ला जिल्लामा पठाइएको र युरिया मल आउने क्रममा रहेकाले यो वर्ष गहुँखेतीको समयमा रासायनिक मलको अभाव नहुने कार्यालयको भनाइ छ । कृषि सामग्री कम्पनी लिमिटेड मधेश प्रदेश प्रादेशिक कार्यालय वीरगंज पर्साका प्रमुख दुर्गाप्रसाद पाण्डेयका अनुसार चालु आर्थिक वर्ष २०८०/८१ को मंसिर २७ गतेसम्म डिएपी १६ हजार २३ मेट्रिक टन र युरिया १९ हजार दुई सय ९९ मेट्रिक टन मल जिल्लाहरुमा पठाइसकिएको छ । 'गहुँबाली छर्ने बेलामा किसानलाई डिएपी मल चाहिने हो' उनले भने, 'हामीले प्राप्त भएको डिएपी मल जिल्लाजिल्लामा कोटाअनुसार पठाइसकेका छौँ ।' गहुँबाली उम्रिसकेपछि सिँचाइ गर्ने बेलामा अर्थात् तीन सातापछि युरिया मल चाहिने हो, त्यो केही दिनभित्रै



आइपुग्छ', उनले भने । 'करिब ३६ हजार मेट्रिक टन युरिया मल आउने क्रममा छ', प्रमुख पाण्डेयले भने, 'युरिया मल यही डिसेम्बर २६ तारिकसम्ममा भारतको कोलकता आइपुग्ने र त्यसको केही दिनभित्रै वीरगंज आइपुग्छ भन्ने हामीलाई सूचना प्राप्त भएको छ ।' त्यो मल आइसकेपछि गहुँखेतीका लागि मलको कुनै समस्या नहुने उनको भनाइ छ । तर आउन लागेको भनिएको युरिया मल समयमा नआए पुनः रासायनिक मलको हाहाकार हुन सक्छ । कृषि सामग्री कम्पनी लिमिटेड मधेश प्रदेश प्रादेशिक कार्यालय वीरगंज पर्सामा चालु आर्थिक बर्ष २०८०÷८१ को पाँच महिनामा युरिया १५ हजार आठ सय ९४ मेट्रिक टन, डिएपी १९ हजार दुई सय १३ मेट्रिक टन रासायनिक मल प्राप्त भएको छ । पुरानो आल्या र चालु आर्थिक वर्ष २०८०/८१ मा प्राप्त मलमध्ये हालसम्म डिएपी १६ हजार २३ मेट्रिक टन, युरिया १९ हजार दुई सय ९९ मेट्रिक टन र पोटास एक हजार पाँच सय ९९ मेट्रिक टन मल जिल्लाजिल्लामा पठाइएको प्रमुख पाण्डेयले बताए । हाल युरिया एक सय ५१ मेट्रिक टन, डिएपी तीन हजार आठ सय ६७ मेट्रिक टन र पोटास ५७ मेट्रिक टन गोदाम मौज्दात रहेको उनले बताए । अबको एक महिनाभित्रमा डिएपी २५ हजार मेट्रिक टन मल आउने निश्चित भएको प्रमुख पाण्डेयले जानकारी दिए । रासायनिक मलको अभाव हुन नदिन मल प्राप्त भएलगत्तै मलखाद्य बाँडफाँड भएअनुसार जिल्लाजिल्लामा मल पठाउँदै आएको उनले बताए । कृषि सामग्री कम्पनी लिमिटेड मधेश प्रदेश प्रादेशिक कार्यालय वीरगंज पर्सामा अघिल्लो आर्थिक वर्ष २०७९÷८० मा आएको युरिया ५५ हजार दुई सय ९७ मेट्रिक टन, डिएपी ३० हजार सात सय ६१ मेट्रिक टन मलमध्ये युरिया ४४ हजार चार सय ८८ मेट्रिक टन, डिएपी २६ हजार ६ सय ६ र पोटास एक हजार सात सय ३१ मेट्रिक टन रासायनिक मल जिल्लाजिल्लामा वितरण गरेको छ । सो अवधिमा पर्सा जिल्लामा मात्र युरिया चार हजार सात सय ७० मेट्रिक टन, डिएपी दुई हजार नौ सय ४३ मेट्रिक टन र पोटास चार सय चार मेट्रिक टन मल बिक्री गरिएको प्रमुख पाण्डेयको भनाइ छ । मुलुकभर करिब सात लाख मेट्रिक टन रासायनिक मलको आवश्यकता रहे पनि हाल मागको करिब ५० प्रतिशत पनि आपूर्ति हुन नसक्दा बर्सेनि मलको हाहाकार हुने गरेको उनले बताए ।
सो कार्यालयमार्फत मधेश प्रदेशको आठवटै जिल्ला, बागमती प्रदेशको १० जिल्ला र गण्डकी प्रदेशको तनहुँ, लम्जुङ, गोरखा, कास्की, पर्वतलगायत जिल्लामा रासायनिक मल पठाउँदै आएको छ । बर्सेनि डिएपी र युरिया मलको आपूर्ति कम भएपछि किसानलाई मलखाद्यको समस्या हुने गरेको किसानको गुनासो छ ।

पर्सामा धान उत्पादन घट्यो

मधेशदृष्टि
वीरगंज ।
कृषि ज्ञान केन्द्र पर्साले जिल्लामा यस वर्ष धान उत्पादन घटेको जनाएको छ । केन्द्रका अनुसार ढिलो गरी धानबाली लगाउनु, औसतभन्दा कम वर्षा हुनु, धानबालीमा गवाँरो कीराको सङ्क्रमण हुनुलगायत कारणले गत वर्षको तुलनामा यस वर्ष उत्पादनमा ह्रास आएको हो । पर्सामा कूल धान रोपाइँ हुने खेतीयोग्य जग्गामध्ये आर्थिक वर्ष २०७९/८० मा ९५ प्रतिशत अर्थात् ४५ हजार चार सय ३० हेक्टर क्षेत्रफलमा धान रोपाइँ भएको केन्द्रका प्रमुख मुनिलाल कुशवाहाले जानकारी दिए । उनका अनुसार प्रतिहेक्टर चार दशमलव एक मेट्रिक टनका दरले एक लाख ८६ हजार दुई सय ६३ मेट्रिक टन धान उत्पादन भएको छ । आर्थिक वर्ष २०७८/७९ मा ४५ हजार चार सय ६० हेक्टर क्षेत्रफलमा धानबाली लगाइएकामा प्रतिहेक्टर चार दशमलव चार मेट्रिक टनका दरले दुई लाख २४ मेट्रिक टन धान उत्पादन भएको थियो । पर्सामा ५४ हजार सात सय ३२ हेक्टर क्षेत्रफल खेतीयोग्य जग्गामध्ये ४७ हजार एक सय ३० हेक्टर क्षेत्रफलमा धान रोपाइँ हुने गरेको कुशवाहाले बताए । उनका अनुसार जिल्लामा भदैया, चैते र वर्षे गरी तीन किसिमका धान उत्पादन हुँदै आएका छन् ।

एथलेटिक्स परिवारको पर्सा समिति गठन

मधेशदृष्टि
वीरगंज ।
वीरगंज महानगरपालिका वडा नम्बर २४ बहुअरीको सारदा माविको हलमा एथलेटिक्स परिवार नेपालको जिल्ला कार्य समिति पर्सा गठन भएको छ । नेपाल शिक्षक महासंघ वीरगंज महानगर अध्यक्ष विनोद मेहताको अध्यक्षतामा ११ सदस्य एथलेटिक्स परिवार नेपाल पर्सा जिल्लाकार्य समिति पर्सा चयन गरिएको छ । समितिको अध्यक्षमा सनि कुमार दुवे, उपाध्यक्षमा जियालाल गुप्ता, सचिवमा विशेश्वर पटेल, कोषाध्यक्षमा गिता ठाकुर, सहसचिवमा सरोज कुमार उपाध्याय र सदस्यहरुमा शेख अजहर, महन्थ प्रसाद दास थारु, राखी शर्मा, जितु पटेल, साहिव गिरी र सुरेन्द्र चौरसिया रहेका छन् । नयाँ चयन कार्य समितिले माघको दोश्रो हप्तामा विद्यालय स्तरीय खेलकुद कार्यक्रम गर्ने निर्णय गरेको छ ।

उखु आन्दोलन अब काठमाडौँ केन्द्रित हुने

एसपी गौरव
सर्लाही ।
उखु उत्पादक किसानले आफ्नो आन्दोलन तत्कालका लागि स्थगित गरेका छन् ।
शनिबारबाट आन्दोलन सुरु गरेका जिल्लाका उखु उत्पादक किसानले जिल्लाको आन्दोलनका कार्यक्रम स्थगित गरेर संघीय राजधानी केन्द्रित आन्दोलन गर्ने तयारी गरेका मिलगेट उखु उत्पादक समिति सर्लाहीका अध्यक्ष राजकुमार उप्रेतीले जानकारी दिए ।उखु किसान संयुक्त संघर्ष समितिले जिल्ला केन्द्रित आन्दोलन स्थगित गरेर संघीय राजधानी केन्द्रित आन्दोलनको तयारी गरिएको मिलगेट उखु उत्पादक समिति सर्लाहीका अध्यक्ष उप्रेतीले बताए । उनका अनुसार अन्य जिल्लाका उखु उत्पादक किसानका प्रतिनिधिसँग पनि समन्वय गरी अब काठमाडौँमै गएर आन्दोलन गर्ने निर्णय गरी जिल्लाको आन्दोलन तत्कालका लागि रोकिएको हो ।
काठमाडौँमा सांसदसहित सम्वद्ध मन्त्रालयमा डेलिगेसन जाने र यदि त्यसो गर्दा पनि उखु उत्पादक किसानका माग सम्बोधन नभए माइतीघर मण्डलामा धर्नामा बस्ने निर्णय गरी जिल्ला केन्द्रित आन्दोलन स्थगित गरिएको नेपाल उखु उत्पादक किसान महासंघका अध्यक्ष कपिलमुनि मैनालीले बताए ।
उनका अनुसार सरकारले बुधबार चालु सिजनका लागि उखुको मूल्य प्रतिक्विन्टल



उखु किसान संयुक्त संघर्ष समितिका

प्रेस विज्ञप्ती

मिति २०८०/०९/०५

उखु उत्पादक किसानहरुले गत वर्षको उखुको अनुदानको रकमको बक्यौताको भुक्तानी, उखुको क. सि. २०८०/८१ को उखुको मूल्य प्रति क्वी. रु. ७५०- तुलुपर्ने, नेपाल सरकारले उखुको मूल्य निर्धारण गर्दा उखु किसानका प्रतिनिधीहरु, चिनी उद्योगका प्रतिनिधीहरु र कृषी, वर्ष, उद्योग तथा आपुर्ति मन्त्रालयको प्रतिनिधीहरु बिच छलफलपछि भई उखुको उत्पादन लागत तथा यस वर्षको चिनीको न्यूनतम बिक्री मूल्य कटि हुने भन्ने आधारमा वैज्ञानिक तथा नीतिगत निर्णय गरी उखुको मूल्य निर्धारण गरिनेछ भन्ने माग राखेर आईरहेको आन्दोलनमा कृषी तथा पशुपन्छी विकास मन्त्रालयले किसान प्रतिनिधीलाई छलफलमा नबोलाई चिनी उद्योगपतिहरुको प्रभावमा परेर एकतर्फी ढंगले हचुवाको भरमा उखुको प्रति क्वी. रु ४५४/- र सरकारले दिने अनुदान प्रति क्वी. रु ७०/- गरी जम्मा रु. ५२४/- उखुको मूल्य सिफारिस गरी मन्त्रीपरिषदबाट निर्णय गराइएकोमा यस प्रति आपत्ति प्रकट गर्दै सो मूल्यलाई सो अघर्ष समिति नसहमति प्रकट गर्दछ । कृषी मन्त्रालय किसानको मन्त्रालय हुनु पर्नेमा चिनी उद्योगपतिको हित गर्ने मन्त्रालयमा परिणत भएकोमा घोर आश्चर्य प्रकट गर्दछ । यसको ज्वलन्त उदाहरण २०८० मंसिर १७ गते उखुको मूल्य निर्धारण गर्न कृषी तथा पशुपन्छी विकास मन्त्रालयमा बसेको बैठकको १ नं. निर्णयमा नर्ने किसान प्रतिनिधीहरुलाई अर्धा बैठकमा बोलाएर छलफल गर्ने निर्णय भएतापनी किसान प्रतिनिधीहरु नबोलाई उद्योग प्रतिनिधीहरुलाई मात्र बोलाएर एकतर्फी ढंगले उखुको मूल्यको रुपमानी धरमा गरेको निर्णयले प्रष्ट हुन आईन्छ । उखु किसान संयुक्त समितिको आज मिति २०८० पौष ५ गते घिटिंगेरामा दिन बसेको बैठकले तपसिलको निर्णय प्रेस विज्ञप्ती मार्फत सार्वजनिक गरेकी ।

तपसिल

१. उखु किसानको प्रतिनिधीहरुसँग कृषी छलफल नगरी एकतर्फी ढंगले कृषी तथा पशुपन्छी विकास मन्त्रालयले हचुवाको भरमा उखुको प्रति क्वी. ४५४/- निर्धारण गरिएकोमा घोर आपत्ती मान्दै सो मूल्य प्रति असहमति जनाउने निर्णय गरेको छ । उखुको मूल्य तोकिदा उखुको मूल्य र चिनीको बिक्री मूल्यलाई आधार मानिनुपर्छ ।

२. सरकारले उखुको प्रति क्वी. रु. ७०/- अनुदान दिने निर्णय आफैमा हचुवाको हो । जिलभरले सो अनुदान रकम चिनीको बिक्री मूल्यमा १३% भ्याट थापदको रकमको ९०% किसानलाई अनुदानको रुपमा दिने विगतको निर्णयलाई यसले मेवतता गरेको छ । साथै भौतिक अनुदानको रकम उखु किसानले उखु बेचेको कति समयमा पाउने भन्ने सुनिश्चितता समेत नगरेको हुँदा अनुदान रकमको पाउने समयको सुनिश्चितता गरिएोस ।

३. हाल चलिरहेको सर्लाहीको उखु किसानहरुको आन्दोलनलाई राजधानी केन्द्रित बनाई देश भरिका उखु किसानका संघ संगठन, अगुवा उखु किसान तथा जनप्रतिनिधीहरुलाई समावेस गराई यस उखु आन्दोलन सशक्त बनाउदै जारी राखिनेछ ।

४. उखु आन्दोलनलाई सशक्त बनाउन २०८० पौष २ गते देखि आमरण वस्नु भएका उखु किसान शेष तिलहरलाई प्राथमिकता दिदै हाल भएको उपलब्धी टेवर्ने थप उपलब्धी प्राप्ती गर्न हाल गरिरहनु भएको अनसनलाई आफ्नो जिवन रक्षा गर्ने सो अनसन स्थगित गर्न अनुरोध गर्ने निर्णय गरिएको छ ।

यस आन्दोलनलाई उत्साहका साथ आफ्नो बेचेकी उखुको मूल्य पाउने अधिकारको आन्दोलनमा सशक्त ढंगले सहभागी हुनु भएका सम्पूर्ण किसानहरुलाई हार्दिक सम्बधाइ प्रकट गर्दछ साथै यस आन्दोलनको समाचार सम्प्रेषण गर्नुहुने नेपाली पत्रकार संघ, सम्पूर्ण पत्रकार साथीहरु तथा यस आन्दोलनमा सहभागी हुनु भएका जनप्रतिनिधीहरु, सम्पूर्ण राजनितिक दलका नेतागण, सम्पूर्ण संघ संस्था, बहिजिबी तथा व्यापारीहरुमा हार्दिक कृतज्ञता प्रकट गर्दछ । धन्यवाद ।

छिरली प्रसाद उप्रेती
संयोजक
उखु किसान संयुक्त संघर्ष समिति

सरकारी अनुदान ७० रुपैयाँसहित छ सय ३५ रुपैयाँ तोकेको भए पनि उखु उत्पादक किसानले असहमति जनाएका छन् ।चिनीमा वृद्धि भएको मूल्यलाई आधार मानेर उखुको मूल्य प्रतिक्विन्टल सात सय ५० रुपैयाँ कायम गर्न उखु उत्पादक किसानले माग गरिरहेको उनले बताए ।उखु किसान संयुक्त संघर्ष समितिले घोषित अनुदानको रकम उखु उत्पादक किसानले उखु बिक्री गरेको कति समय पछि पाउने भन्ने सुनिश्चितता गर्न माग गरेको उखु किसान अगुवा तारा राज पन्त (अर्जुन)ले बताए । उनका अनुसार सरकारले उखुको मूल्य तोक्दा अनुदान रकम तोके पनि वर्ष दिन बित्दासमेत अनुदान रकम उखु उत्पादक किसानले नपाउने गरेका कारण उखु उत्पादक किसान आन्दोलित हुनु परेको हो ।जिल्लाका उखु उत्पादक किसानले गतवर्ष बिक्री गरेको उखुको अनुदानबापतको ५२ करोड रुपैयाँ भुक्तानी लिन बाँकी छ भने चालु सिजनका लागि उखुको प्रतिक्विन्टल मूल्य सात सय ५० रुपैयाँ कायम गर्न माग गरेका छन् ।

लिटिल फ्लावरविरुद्ध न्यू एकताको जित

मधेशदृष्टि
वीरगंज ।
९ औँ सिजी एजुकेसन कप २०२३ अन्तर विधालय फुटबल प्रतियोगितामा न्यू एकता स्कुल, सिमरा विजयी भएको छ । शुक्रबारको खेलमा न्यू एकता स्कुल, सिमराले लिटिल फ्लावर स्कुल, परवानीपुरलाई शुन्यका विरुद्ध ४ गोलले पराजित गरेको हो । न्यु एकताका जर्सी नम्बर ६ का खेलाडी केशव श्रेष्ठले खेलको २५ औ, ४३ औ र ५२ औं मिनेटमा हयाट्रक गरेका थिए । अर्को एक गोल सोही विद्यालयका जर्सी नम्बर १० का खेलाडी सन्तोष मगरले खेलको ४० औँ मिनेटमा गरेका थिए । खेलको म्यान अफ द म्याच न्यु एकता स्कूलका केशव श्रेष्ठ भए ।

नवजात शिशु मृत फेला

मधेशदृष्टि
महोत्तरी ।
जिल्लामा सालनालसहितको नवजात शिशु मृत अवस्थामा फेला परेको छ । सोनमा गाउँपालिका–३ मरहा खोलामा करिब ६ महिनाको नवजात शिशु मृत फेला परेको महोत्तरी प्रहरीले जनाएको छ । नवजात शिशु कसले फालेको खुलिसकेको छैन । घटनाबारे थप अनुसन्धान भइरहेको महोत्तरीका प्रहरी नायब उपरीक्षक दिलीप कुमार गिरीले बताए ।

हत्कडीसहित फरार

मधेशदृष्टि
सिरहा ।
बाल यौन दुव्यवहारको आरोपमा पक्राउ परेका एक जना आरोपित हत्कडीसहित फरार भएका छन् । म्याद थपको लागि सरकारी वकिलको कार्यालय सिरहा ल्याइएका आरोपित छोटु सदा मुसहर हत्कडीसहित फरार भएका हुन् । बाल यौन दुव्यवहारको आरोपमा सदालाई बिहीबार ईलाका प्रहरी कार्यालय लहानले पक्राउ गरी हिरासतमा राखेको थियो । शुक्रबार दिउँसो जिल्ला सरकारी वकिलको कार्यालय सिरहा ल्याइएका सदा प्रहरीको भ्यानबाट झर्ने क्रममा भागेको प्रहरीले जनाएको छ । हत्कडीसहित फरार सदाको खोजी भइरहेको प्रहरीले जनाएको छ ।

धर्म परिवर्तन गराउन खोजियोः मेयर यादव



मधेशदृष्टि
कलैया ।
बाराको महागढीमाई नगरपालिकाका मेयर उपेन्द्र यादवले क्रिश्चियनहरूले हिन्दू धर्म परिवर्तन गराउन लागिरहेको आरोप लगाएका छन् ।

शुक्रबार बाराको कलैयामा आयोजित बोल बम कावर संघ बाराको ५२औँ वार्षिकोत्सव कार्यक्रममा मेयर यादवले यस्तो आरोप लगाएका हुन् । हिन्दू धर्म परिवर्तन गराउन मधेशमा भन्दा पहाडमा बढी सक्रियता बढेको उल्लेख गर्दै उनले नातन हिन्दू धर्म खतरामा रहेको बताए । जनतालाई पैसाको प्रलोभन देखाई धर्म परिर्वतन गराउनमा सबैभन्दा बढी क्रिश्चियनहरू सक्रिए रहेको भन्दै उनले त्यसबाट सचेत रहन र हिन्दू धर्मको रक्षा गर्न सबैलाई आग्रह समेत गरे । कार्यक्रममा बोल बम कावर संघका वरिष्ठ सल्लाहकार जंगबहादुर प्रसाद यादवले समाजमा संस्कार र संस्कृती संरक्षणका लागि बोल बमले महत्वपूर्ण भूमिका खेलेको बताए । त्यस्तै उद्योग वाणिज्य महासंघ बाराका सचिव राम आशिष साह, कलैया उपमहानगरपालिका– ३ का वडाध्यक्ष मोहन साहलगायतले वार्षिकत्सवका अवसरमा बोल बम संघलाई शुभकामना दिए

मन्त्री किराँतीविरुद्ध राष्ट्रिय एकता अभियानको प्रदर्शन



मधेशदृष्टि
काठमाडौँ ।
संस्कृति पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किराँतीको अभिव्यक्तिलाई लिएर राष्ट्रिय एकता अभियान नेपालले शुक्रबारतीनकुनेमा प्रदर्शन गरेको छ ।

अभियानका वरिष्ठ नेता बीपी यादवको नेतृत्वमाप्रदर्शनकारीले क्रिश्चियन अतिवाद र चिनियाँ विस्तारवादलाई बढावा दिएको आरोप लगाउदै संस्कृतिमन्त्री किरातीलाई बर्खास्त गर्न माग गरेका छन् ।प्रदर्शनमा राष्ट्रिय विद्यार्थी परिषद्का महासचिव पप्पु यादव, राष्ट्रिय एकता अभियान युवा विभागका संयोजक दिवस पटेल, धीरज गिरी, अभियानका मधेस सम्पर्क समितिका संयोजक विनोद सिंह, मनोज सिंह, जयनारायण यादवलगायतका नेता तथा कार्यकर्ताको सहभागिता रहेको थियो । आक्रोशित प्रदर्शनकारीले 'क्रिस्चियन अतिवाद मुर्दावाद, चिनियाँ दलाली बन्द गर, किरात धर्मको रक्षा गर, किरातहरूको धर्म परिवर्तन बन्द गर जस्ता नारा लगाएका थिए ।राष्ट्रिय एकता अभियानले मन्त्री किरातीले आफ्नो कार्यकालमा नेपालमा क्रिस्चियन धर्मको प्रचार प्रसार गरेको र चीनको हितमा राष्ट्रविरोधी गतिविधिमा सम्लग्न रहेको आरोप लगाएको छ ।

सरकारले आफ्ना मागमा ध्यान नदिए आन्दोलनलाई सशक्त बनाउने चेतावनी समेत अभियानले दिएको छ ।

पछिल्ला केही वर्षयता नेपालमा क्रिस्चियन धर्मको प्रचार प्रसारलाई लिएर हिन्दू समूहमा असन्तुष्टि बढ्दै गएको छ । योसँगै चीनसँग नेपालको बढ्दो निर्भरतालाई लिएर पनि चिन्ता व्यक्त भइरहेको छ ।

मिथिला लोक चित्रकला प्रतियोगिता तेस्रो चरणमा



मधेशदृष्टि
जनकपुरधाम ।
'मिथिला चित्रकला मधेशक शान एहिके उजागर करब शौर्यक अभियान' मुल नाराका साथ शौर्य सिमेन्टको आयोजना र विजय लक्ष्मि मिडिया फाउन्डेसनको सहकार्यमा आयोजित मिथिला लोक चित्रकलाको दोस्रो चरणको प्रतियोगिता सम्पन्न भएको छ । मधेश प्रदेश स्तरमा गरिएको उक्त कार्यक्रममा एक सय ५० वटाभन्दा बढी आवेदन परेका थिए । जसबाट दोस्रो चरणमा ७५ जनालाई छनौट गरिएको थियो । छनौट भएका ७५ जनाले शौर्य सिमेन्ट उद्योग परिसरस्थित हलमा क्यानभासमा दिइएको विषय वस्तुअनुसार चित्र बनाउन लगाइएको थियो । उक्त चित्रकलाको आधारमा तेस्रो चरणको लागि छनौट भएका १५ जनाले शौर्य सिमेन्टको पर्खालमा मिथिला चित्रकला बनाउनु पर्नेछ ।यस प्रतियोगितामा प्रथम हुनेलाई७५ हजार रुपैयाँ, दतीय हुनेलाई ५० हजार रुपैयाँ, तृतीय हुनेलाई २५ हजार रुपैयाँ र बाँकी १२ जनालाई ५–५ हजार रुपैयाँ नगद प्रदान गरिने छ ।प्रतियोगिताको निर्णायक टिममा मिथिला आर्ट ग्यालरीका सञ्चालक श्याम सुन्दर यादव र सुनैना आर्ट ग्यालरीका सुनैना ठाकुर रहेका छन् ।

सांसद र मन्त्रीसँग मतदाता धेरै खुशी छैनन्ः ठाकुर

'हामी शहीदलाई के दिन्छौँ । मूर्ति बनाए कि बनाएन भनेर हेर्न आउँछ र ! उसको जीवन गयो । परिवार जेल परे । उसमाथि निर्भर धेरै प्रभावित भए । अनि त्यस्ताका परिवारलाई अवसर दिँदा किन विरोध हुन्छ ? तिनले पनि खान पऱ्यो नि !
महन्थ ठाकुर, अध्यक्ष, लोसपा



- तराई–मधेशमा सिँचाइ र खानेपानी समस्या बढ्दै छ
- आर्थिक रुपमा कमजोर रहे पनि राजनीतिक केन्द्र पहाड
- आर्थिक संकट र बेरोजगारीले विविध समस्या निम्त्यायो
- प्राकृतिक स्रोतसाधनले भरिपूर्ण नेपालमा धेरै सम्भावना छ
- संसदमा कामकाजभन्दा गत्यावरोध बढेको छ

काठमाडौँ ।
लोकतान्त्रिक समाजवादी पार्टी नेपालका अध्यक्ष महन्थ ठाकुरले नेपाली कांग्रेसको पदाधिकारीसम्मको जिम्मेवारी रही तीन दशकभन्दा बढी योगदान पु¥याएका छन् । विसं २०१६ मा राजनीतिक यात्रा आरम्भ गरेका उनले मुलुकमा राजनीतिक परिवर्तनका लागि भएका आन्दोलनका क्रममा धेरै पटक प्रहरी हिरासत र जेलजीवन बिताएका छन् । गत एक वर्षमा समग्रतामा सङ्घीय संसद् चलिरहेको देखिए पनि कामकाजभन्दा गत्यारोधमा बढी समय खर्चिएको जनाउँदै उनले पूरापूर दुई महिना सांसदले काम नै गर्न नसकेको प्रतिक्रिया दिए । नेपालमा प्रजातान्त्रिक अभ्यास लामो नभएको र पटक–पटक अवरोध भएको इतिहास रहेको जनाउँदै पूर्वउपसभामुख ठाकुरले भने, 'कसैलाई चित्त बुझेन भने विरोध गर्न सकिन्छ तर दिनदिनै लामो समयसम्म रोष्टम घेराउ गर्ने भनेको संसदीय प्रजातन्त्रभित्रको उग्ररुप हो ।' कानुन बनाउने विषयमा दलहरुले आवश्यक समय र ध्यान दिएन भनी लागेको आरोप अस्वीकार गर्दै नेता ठाकुर त्यो 'आरोप' मात्रै भएको बताए । उनले भने, 'संविधान र सङ्घीयता कार्यान्वयनसँग प्रत्यक्ष सरोकार राख्ने महत्वपूर्ण विधेयकसमेत यस अवधिमा अघि बढ्न सकेन । मिटरब्याजसम्बन्धी विधेयक पारित भए पनि पीडित अझै खुशी छैन । विधेयक भरसक सबैको सहमतिमा टुङ्ग्याउँदा राम्रो हुन्छ ।'

एक प्रसङ्गमा शान्तिपूर्ण जुलुस निकाल्ने र सडकमा प्रदर्शन गर्ने सबैको प्रजातान्त्रिक अधिकार भए पनि तोडफोड गर्ने उग्ररुप भएको बताउँदै उनले भने, 'सरकारबाट पनि हिंसात्मक हस्तक्षेप हुन्छ, विरोधमा उग्ररुप देखिए सरकारले नियन्त्रणका लागि सशस्त्र बल प्रयोग गर्छ अनि असहज स्थिति आउँछ, त्यो सबैले बुझ्नुपर्छ ।'

केही समय भारतमा निर्वासनसमेत रहेका पूर्वउपसभामुख ठाकुर पछिल्ला दशक मधेश र मधेशी समुदायका हकहितका 'एजेन्डा' उठाउँदै कार्यान्वयनका लागि पहल गरिरहेका छन् । उनीसँग शिक्षण र वकालतको अनुभव, निष्ठाको राजनीतिको पर्याय र समानताको पक्षधरको परिचय छ । महोत्तरीको पीपरामा विसं १९९९ मा जन्म भई केही समय सर्लाहीलाई कर्मथलो बनाएका ठाकुरले विसं २०४८ र २०५१ को मध्यावधि निर्वाचनमा त्यहाँबाट प्रतिनिधित्व गरे । तराई मधेश आन्दोलनपछि कांग्रेस परित्याग गरी तराई मधेस लोकतान्त्रिक पार्टी स्थापनासँगै मधेश केन्द्रित राजनीतिमा सक्रिय नेता ठाकुर विसं २०७४ मा राष्ट्रिय जनता पार्टी नेपाल (राजपा) गठन गरी पार्टीको अध्यक्षमण्डलको सदस्य भए । विसं २०६४ मा मनोनीत संविधासभा सदस्य तथा विसं २०७४ र २०७९ को प्रतिनिधिसभा सदस्य निर्वाचनमा महोत्तरी निर्वाचन क्षेत्र ३ बाट निर्वाचित भए । कानुनमा स्नातक र इतिहासमा स्नात्तकोत्तर ठाकुरले विसं २०७४ पछि गठन भएको प्रतिनिधिसभामा ज्येष्ठ सदस्यका रुपमा केही समय सभाको अध्यक्षता गर्दै सदनमा प्रवेशी सदस्यलाई शपथ दिलाएर र बैठक सञ्चालन गरे । छ वर्षमा बल्लबल्ल 'पास' भएको नागरिकता विधेयक कार्यान्वयनमा गए पनि जनताले अझै सहजरुपमा नागरिकता प्राप्त गर्न नसकेको गुनासो सुन्न परेको बताउँदै पूर्वमन्त्री ठाकुरले कर्मचारी संयन्त्रको उल्झन र पैसाको चलखेलले त्यो गुनासो आएको प्रतिक्रिया दिए । अध्यक्ष ठाकुरका अनुसार मुलुकमा लोकतन्त्र पुनःस्थापनापछि गाउँबस्तीमा सेवासुविधा र सडकलगायत भौतिक पूर्वाधार निर्माणमा निकै सुधार भएको छ । विद्यालय र कलेजमा पैसा गएको छ । गाउँगाउँमा सामुदायिक भवन बनेका छन् । ग्रामीण सडक पनि ढलान र कालोपत्र भएका छन् । धार्मिक आस्थासँग जोडिएका मठमन्दिर तथा बरमबाबा स्थान घेराबेरा भएको छ । पछिल्ला वर्षमा तराई–मधेशमा समेत सिँचाइ र खानेपानी समस्या देखिएको बताउँदै पुराना राजनीतिज्ञ ठाकुरले खण्डित वर्षाले कहीँ सुक्खा त कहीँ बाढी निम्त्याएको अवस्था आएको सुनाए । सांसद ठाकुरले भने, 'यस वर्ष मिथिला क्षेत्रमा बर्सात कम हुँदा नदी र पोखरी सुक्ने अवस्थामा पुगिसकेको छ । जमिनमा पानीको सतह गहिरिएको छ । कतिपय सहरी क्षेत्रमा खानेपानी अभाव छ भने खोला सुकेका कारण सिँचाइ भई धानखेती राम्रो हुन सकेन ।'

उद्योगधन्दा र कलकारखानाको अभावमा बेरोजगारी निकै ठूलो चुनौतीका रुपमा रहेको जनाउँदै पूर्वविज्ञान प्रविधिमन्त्री ठाकुर भन्छन्, 'सांसद र मन्त्रीसँग मतदाता धेरै खुशी छैनन्, नोकरी लगाउने र मुद्दासमेत जिताइदिने काम जनप्रतिनिधिले गर्दियोस् भन्ने समाजमा मान्यता छ । त्यो त एउटा विधि प्रक्रियाका आधारमा हुन्छ नि ।' अध्यक्ष ठाकुरका अनुसार पहिला उद्योग र आयोजना हुन्थे । काम दिन्थे । अहिले जुन सम्भव छैन । फोन गरेर मात्रै काम हुन्छ र ! काम गर्ने परिस्थिति के छ । कुन अवस्थामा छ । त्यो बुझ्न जरुरी छ । पछिल्ला समय खासगरी बालबालिका, युवायुवतीमा राम्रो कपडा लगाउने, होटलमा गएर मीठो खाने, विभिन्न गाउँमा घुमफिर गर्ने चलन बढिरहेको बताउँदै उनले मुलुकमा परिवर्तनको प्रवाह भए पनि आर्थिक सङ्कट र बेरोजगारीले विविध समस्या निम्त्याएकोप्रतिक्रिया दिए । गठबन्धनको सरकार भएकाले विभिन्न विचारलाई मिलाएर काम गर्नु आफैँमा चुनौती रहेको बताउँदै नेता ठाकुरले भने, 'प्रधानमन्त्री आफैँ भनिरहनुभएको छ कि जति हुनुपर्ने त्यो काम गर्न सकिएको छैन । महँगी बढेको छ । बेरोजगारी बढेको छ ।' उनका अनुसार भ्रष्टाचार नियन्त्रण गर्ने संयन्त्र र कानुन पर्याप्त छ । अदालतलाई पनि प्रमाणित गर्न प्रमाण चाहियो । हल्लाको भरमा कसैलाई पनि यति खायो भन्न मिल्दैन । कारबाही गर्ने निकाय छन् । राजनीति परिवर्तनमा योगदान पु¥याएका नेताहरु नै सानो गुट, परिवार र नातागोतामा अलमलिए भन्ने आरोपलाई खण्डन गर्दै नेता ठाकुरले त्यो आरोपलाई वास्तविकता नभई सतहीका रुपमा हेरिएको प्रतिक्रिया दिए । आन्दोलनमा संलग्न हुँदा सबै परिवार र नातागोता प्रभावित हुने भएकाले अवसर प्रदान गरिदा नाता जोडेर हेर्न नहुने तर्क गर्दै उनले एउटा घरको मूली जेल जाँदा परिवारले कति सास्ती खेप्न पर्छ भन्ने पक्षको विश्लेषण नगरी अवसरसँग जोडेर हेर्न मिल्छ र भनी प्रतिप्रश्न गरे । अध्यक्ष ठाकुरले भने, 'हामी शहीदलाई के दिन्छौँ । मूर्ति बनाए कि बनाएन भनेर हेर्न आउँछ र ! उसको जीवन गयो । परिवार जेल परे । उसमाथि निर्भर धेरै प्रभावित भए । अनि त्यस्ताका परिवारलाई अवसर दिँदा किन विरोध हुन्छ ? तिनले पनि खान परो नि ! आर्थिक दृष्टिकोणले अहिले पनि कमजोर रहे पनि राजनीतिक केन्द्र हरहमेसा पहाड नै रहेको बताउँदै नेता ठाकुरले जस्तोसुकै बदमासी गरेर सत्तामा जाने प्रयास भएकाले नेपालको राजनीतिक इतिहास शान्तिपूर्ण नरहेको धारणा राखे । जनभावना र आवश्यकताका आधारमा नीति निर्माण गरिएमा मात्र परिणाम प्राप्त गर्न सकिने तर्क गर्दै उनले त्यो नहुँदा विगतमा सर्लाहीमा आएको बाढी पीडितलाई बनाइएको छाप्रामा केही नसकेको उदाहरण दिए । आफ्नो अधिकार प्राप्तिमा भएका आन्दोलनमा पनि जाति र समुदायबीच विभेद गरिएको आरोप लगाउँदै उनले कानुनका नाममा जथाभावी डन्डा चलाउने कार्य कोही कसैलाई पनि स्वीकार्य नहुने धारणा राखे । भौगोलिक विविधता र प्रशस्त प्राकृतिक स्रोतसाधनले भरिपूर्ण नेपालमा विकासको धेरै सम्भावना रहेको बताउँदै अध्यक्ष ठाकुरले भने, 'जनता इमान्दार र मेहनती छन् । प्राकृतिक स्रोतसाधन प्रशस्त छ, सदुपयोग गरिनुपर्छ । विकास सम्भव छ ।'

प्रो क्लब क्रिकेटमा एपिएफ र आर्मीको जित

मधेशदृष्टि
वीरगंज ।
प्रो क्लब च्याम्पियन टी–२० क्रिकेटमा सशस्त्र प्रहरीको एपिएफ र ल्रिभुवन आर्मी विजयी भएका छन् । वीरगंजको नारायणी क्रिकेट रंगशालामा जारी प्रतियोगिताको दोस्रो दिनको खेलमा शुक्रबार एपिएफले युपी–११ लाई ८ रनले हराउँदै च्याम्पिम्पयनसिपमा विजयी सुरुआत गरेको छ ।एपिएफले प्रस्तुत गरेको १ सय २ रनको लक्ष्य पछ्याएको युपी–११ ले निर्धारित २० ओभर ब्याटिङ गरे पनि चार विकेट गुमाउँदै ९३ रन मात्र बनाउन सक्यो । उसका लागि निखिल प्रतापले ४१ र मन्थन प्रसादले ३९ रन बनाए । तेस्रो विकेटका लागि प्रताप र प्रसाले ८३ रनको साझेदारी गरे ।एपिएफका लागि अमरसिंह रौटेलाले दुई र नारायण जोशीले एक विकेट लिए ।त्यसअघि टस हारेर ब्याटिङको निम्तो पाएको एपिएफले १९ ओभरमा सबै विकेट गुमाउँदै १ सय १ रनको योगफल तयार पारेको थियो । एपिएफका लागि हरिशंकर शाहले ३४, लोकश बमले १५, अमरसिंह रौटेलाले अविजित १२ र सुमित महर्जनले ११ रन बनाए ।

युपी–११ का लागि तरुन कुमारले चार ओभरमा १६ रन खर्चिएर पाँच विकेट लिए । यसैगरी शाहिम हसनले दुई तथा शाहन्शा अहमद र वासी अन्सारीले समान एक विकेट लिए । युपी–११ को यो लगातार दोस्रो हार हो । पहिलो खेलमा पर्सा–११ सँग एक विकेटले पराजित भएको थियो । यसैबीचको दोस्रो खेलमा वन्डर क्लब नोयडालाई ल्रिभुवन आर्मीले ६ विकेटले पराजित गरेको छ ।

नोयडाले दिएको एक सय रनको लक्ष्य आर्मीले १३.१ ओभरमा ४ विकेटको क्षतिमा पूरा गरेको थियो । आर्मीका लागि ओपनर ब्याटर सन्तोष कार्कीले २३ बलमा ३७ रन बनाए भने कुशल मल्लले ३५ बलमा ४१ रनको योगदान गरे । यस्तै, भीम सार्कीले १९ बलमा नटआउट २० रन बनाए । यसअघि नोयडा २० ओभर खेल्दै आठ विकेटको क्षतिमा ९९ रन जोडेको थियो । आर्मी क्लबका बलर साहब आलमले चार विकेट लिए ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका–१५, दर्ता नं. ३११–०७९/८०, सम्पर्क मो. नं. ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम–२, भानु चोक, किशोरी नगर, फोन नं. ०४१–५९०२८९, E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, सम्पादक : रामकुमार एलन